# प्रभाव दैनिक
National Daily

वर्ष १३ | अंक ५६ | काठमाडौं | बिहीबार, ४ असार २०८३ | Prabhab National Daily | Thursday, 18 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**सन्तुलित जनसंख्याः विकासको आधार**

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर-किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं ।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


विस्थापित सुकुमबासीलाई सरकारको आश्वासन

## असार तेस्रो हप्तादेखि लालपुर्जा वितरण

■ जेबी योञ्जन

**काठमाडौं–** सरकारले दशकौंदेखि समाधान हुन नसकेको सुकुमबासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान छिट्टै गर्ने दाबी गरेको छ । असारको तेस्रो सातादेखि लालपुर्जा वितरण गरेर समस्या समाधान गर्ने सरकारले बुधबार घोषणा गरेको हो ।

लामो समयदेखि जग्गाको स्वामित्वबाट वञ्चित नागरिकलाई कानुनीरूपमा जग्गाधनी बनाउने उद्देश्यसहित सरकारले लालपुर्जा वितरणको तयारी थालेको भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले बताइन् ।

प्रतिनिधिसभामा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमाथिको छलफलका क्रममा बुधबार सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै उनले असारको तेस्रो सातादेखि लालपुर्जा वितरण सुरु हुने जानकारी दिएकी हुन् ।

श्रम संस्कृति पार्टीका अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य हर्क साम्पाङले संसद्मा सुकुमबासीहरूको व्यवस्थापनबारे प्रश्न उठाउँदै सरकारले वास्तविक भूमिहीन नागरिकलाई लालपुर्जा दिन्छ कि दिँदैन भन्ने जिज्ञासा राखेका थिए । उनले काठमाडौं उपत्यकासहित विभिन्न स्थानमा सुकुमबासी बस्ती हटाइएपछि विस्थापित परिवारको व्यवस्थापनबारे पनि सरकारको ध्यानाकर्षण गराएका थिए ।

जवाफमा मन्त्री रावलले सरकारले लालपुर्जा वितरणको सम्पूर्ण तयारी अघि बढाइसकेको बताइन् । 'लालपुर्जाको हकमा हामीले काम सुरु गरिसकेका छौं । अब असारको तेस्रो हप्तादेखि



> लालपुर्जाको हकमा हामीले काम सुरू गरिसकेका छौं । अब असारको तेस्रो हप्तादेखि लालपुर्जा वितरण गर्ने काम सुरूआत गर्छौं ।
>
> ■ **प्रतिभा रावल**
> *मन्त्री, भूमि व्यवस्था*

हामीले लालपुर्जा वितरण गर्ने काम सुरुआत गर्नेछौं,' उनले संसद्मा भनिन् ।

सरकारको यो घोषणालाई भूमिहीन सुकुमबासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीहरूको समस्या समाधानको दिशामा महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ । वर्षौंदेखि विभिन्न आयोग, समिति र कार्यदल गठन भए पनि समस्या समाधानको ठोस उपलब्धि हासिल हुन सकेको थिएन । यसपटक भने सरकारले लालपुर्जा वितरणमार्फत प्रत्यक्षरूपमा नागरिकलाई जग्गाको स्वामित्व प्रदान गर्ने प्रक्रिया सुरु गर्न लागेको जनाएको छ ।

विगतमा भूमि समस्या समाधानका लागि विभिन्न सरकारले भूमि आयोगमार्फत काम गर्दै आएका थिए । तर, आयोगहरू परिवर्तन हुने, कार्यविधि फेरिने र राजनीतिक प्राथमिकता बदलिने क्रमले अपेक्षित परिणाम दिन सकेको थिएन । वालेन्द्र शाह नेतृत्वको सरकारले भने भूमिसम्बन्धी विशेष समिति गठन गरेर भूमिहीन तथा अव्यवस्थित बसोबासीको व्यवस्थापनलाई प्राथमिकतामा राखेको दाबी गरेको छ ।

सरकारी तथ्यांकअनुसार देशभर भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको संख्या १३ लाखभन्दा बढी छ । विभिन्न आयोगमा परेका निवेदनका आधारमा लाखौं नागरिक जग्गाको कानुनी स्वामित्व प्राप्त गर्ने प्रतीक्षामा छन् । उनीहरूमध्ये धेरैले दशकौंदेखि बसोबास गरिरहेको जग्गामा कानुनी अधिकार पाउन सकेका छैनन् ।

क्रमशः पृष्ठ २ मा

# सम्पत्ति शुद्धीकरण मुद्दामा व्यवसायी भट्ट र अग्रवाल पुर्पक्षका लागि थुनामा

- मुद्दामा दिपक भट्टको हकमा २६ अर्ब ६३ करोड २७ लाख ७१ हजार रूपैयाँ र सुलभ अग्रवालको हकमा २५ अर्ब ५९ करोड २० लाख छ हजार रूपैयाँ बिगो दाबी
- भट्टले भृकुटी स्टक ब्रोकिङ कम्पनी लिमिटेडमार्फत सेयर खरिद बिक्रीको कारोबार गरेको नेपाल टेलिकमबाट प्राप्त एसएमएस डिटेलबाट खुल्न आएको अदालतको ठहर
- जगदम्बा स्टिल लिमिटेडको खाता सञ्चालकको हैसियतमा सुलभले नै चेकमा सहीछाप गरेको देखिएको र उनी अध्यक्ष रहेको सौर्य सिमेन्टको आइपी एड्रेस प्रयोग गरी सेयर कारोबार भएको भन्ने इन्टरनेट सेवाप्रदायक वर्डलिंक प्रालिको पत्रबाट देखिएको अदालतको ठहर



दिपक भट्ट



सुलभ अग्रवाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** विशेष अदालतका अदालतले विवादास्पद व्यवसायी दिपक भट्ट र सुलभ अग्रवाललाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको छ । बुधबार विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्यहरू उमेश कोइराला र विदुर कोइरालाको इजलासले व्यवसयाी भट्ट र सुलभलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको हो ।

भट्टको हकमा स्वास्थ्योपचारका लागि व्यवस्थासमेत गर्न अदालतले आदेश दिएको छ । 'प्रमाण परीक्षण गर्दै जाँदा ठहरेबमोजिम हुनेगरी प्रस्तुत मुद्दा पुर्पक्षका लागि यी प्रतिवादीहरू दिपक भट्ट र सुलभ अग्रवाललाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नेगरी विशेष अदालत नियमावली, २०८० को नियम ३० को उपनियम (१) बमोजिम थुनुवा पुर्जी दिई सम्बन्धित कारागार कार्यालयमा पठाइदिनू,' विशेषको आदेशमा भनिएको छ ।

उक्त आदेशपछि बुधबार नै भट्ट र अग्रवाललाई डिल्लीबजार कारागार चलान गरिएको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले व्यवसायी भट्टलाई चैत १९ गते नियन्त्रणमा लिएको थियो । यसैगरी अग्रवाललाई भट्टसँगको संलग्नताको आधारमा चैत २२ गते गते पक्राउ गरेको थियो । विभागले भट्ट र अग्रवालहित करिब २४ जना व्यवसायीलाई प्रतिवादी बनाउँदै मुद्दा दर्ता गरेको थियो ।

मुद्दामा भट्टको हकमा २६ अर्ब ६३ करोड २७ लाख ७१ हजार रूपैयाँ र सुलभको हकमा २५ अर्ब ५९ करोड २० लाख छ हजार रूपैयाँ बिगो दाबी गरिएको छ । दुवैविरुद्ध जिल्ला अदालतमा धितोपत्र र बिमा तथा उच्च अदालतमा बैंकिङ कसुरको मुद्दा पनि विचाराधीन छन् भने तीनवटा मुद्दामासमेत थुनछेक प्रक्रिया सुरु भएको छैन ।

अदालतले प्रतिवादी भट्ट र सुलभले सम्पत्ति शुद्धीकरण गर्न आएको विभिन्न कागजात र एसएमएस डिटेलबाट खुलेको जनाएको छ । 'प्रतिवादीहरूले सम्पत्ति शुद्धीकरण गरेको भनी उल्लेख गरिएको विवरण, जगदम्बा स्टिल्स लिमिटेडबाट प्रतिवादी दिपक भट्ट एकल सञ्चालक रहेको इन्फिनिटी होल्डिङ्सको नाममा रहेको सिद्धार्थ बैंकको खातामा जम्मा भएको रकम हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडको संस्थापक सेयर खरिदमा प्रयोग भएको भन्ने मिसिल संलग्न कागजहरूबाट खुल्न आएको,' अदालतको आदेशमा भनिएको छ ।

जगदम्बा स्टिल लिमिटेडको खाता सञ्चालकको हैसियतमा प्रतिवादी सुलभ अग्रवालले नै चेकमा सहीछाप गरेको देखिएको, हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडबाट गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स कम्पनी, क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लिमिडेट र प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडलाई भृकुटी स्टक ब्रोकिङ कम्पनी लिमिटेडमार्फत ऋणपत्र बिक्री गरेको भए पनि सोबापतको रकम लेनदेन नभएको भन्ने नेपाल धितोपत्र बोर्डको प्रतिवेदनमा उल्लेख भएको, प्रतिवादी सुलभ अग्रवाल सञ्चालक अध्यक्ष रहेको सौर्य सिमेन्टको आइपी एड्रेस प्रयोग गरी सेयर कारोबारहरू भएको भन्ने इन्टरनेट सेवाप्रदायक वर्डलिंक प्रालिको पत्रबाट देखिएको अदालतको आदेशमा उल्लेख छ ।

'प्रतिवादी दिपक भट्टले भृकुटी स्टक ब्रोकिङ कम्पनी लिमिटेडमार्फत सेयर खरिद-बिक्रीको कारोबार गरेको भन्ने नेपाल टेलिकमबाट प्राप्त एसएमएस डिटेलबाट खुल्न आएको र जगदम्बा स्टिल लिमिटेडको बैंकबाट लिएको रकम इन्फिनिटी होल्डिङ्स हुँदै अन्य विभिन्न कम्पनीमार्फत भृकुटी स्टक ब्रोकिङ कम्पनीमा जम्मा गराई कारोबारको विभिन्न तह सिर्जना गरको भन्ने विभिन्न प्रतिवेदनहरूबाट देखिएको र उल्लिखित कार्यमा यी प्रतिवादीहरूको..

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## व्यवसायीको अवरोधपछि साउदीको 'सीप प्रमाणीकरण' स्थगित

### श्रम मन्त्रालयले भन्यो- अध्ययन गरेर निर्णय लिन्छौं

■ ममता थापा





**काठमाडौं–** साउदी रोजगारीका लागि बुधबारदेखि सुरु गर्ने भनिएको श्रमिकको सीप प्रमाणीकरण स्थगित भएको छ । साउदी सरकारले एकपक्षीयरूपमा लागू गरेको स्किल भेरिफिकेसन प्रोग्राम (एसभिपी) बुधबारदेखि सुरु गर्न लागिएकोमा वैदेशिक रोजगार व्यवसायीहरूले अवरोध गरेपछि स्थगित गरिएको हो ।

एसभिपी कार्यन्वयनमा ल्याउन बुधबार उद्घाटनको तयारी गरिएको थियो । नेपालका लागि साउदीका राजदूतसहितको उपस्थितिमा बिहान ११ बजे बसुन्धरास्थित ट्रेनिङ इन्टिच्युटको उद्घाटन हुने खबर पाएपछि व्यवसायीहरूले त्यसमा अवरोध गरेका हुन् । व्यवसायीहरूले कार्यक्रम बिथोलेपछि कार्यक्रम स्थगित भएको सूचना जारी गरिएको थियो ।

व्यवसायीले 'सिण्डिकेट मुर्दावाद', 'नो एसपिभी' भन्दै नाराबाजी गरेपछि कार्यक्रम उद्घाटन गर्न आएका राजदूत सवार गाडी बीचबाटै फर्किएको वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डेले बताए । '११ बजेको उद्घाटनका लागि रातभरि सबै तयारी भएको रहेछ । त्यसपछि हामीले त्यो सबै भत्कायौं । सिण्डिकेटमा सहभागी हुँदिन भन्ने सूचना निकाल्न लगायौं,' उनले भने ।

उक्त तालिम केन्द्रका सञ्चालक नेपाली नागरिकता भएका अबु सुफियान नाम गरेको व्यक्ति भएको व्यवसायीहरूको दाबी छ । भारतीय रासन कार्डसमेत भएका उनले भार तसहित बंगलादेशमा पनि यही प्रणाली लागू गराएको उनीहरूले बताउँदै आएका छन् ।

बुधबारको घटनापछि नेपालका लागि साउदी राजदूतले व्यवसायीहरूलाई छलफलमा बोलाएका छन् । आज १:०० बजे यस विषयमा छलफलका लागि आफूहरूलाई राजदूतले बोलाएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्रीले बताए ।

क्रमशः पृष्ठ २ मा

प्रतिनिधिसभामा श्रममन्त्री यादवको जवाफ

## वैदेशिक रोजगारलाई व्यवस्थित गर्न ऐनमै समस्या

■ प्रभाव संवाददाता



काठमाडौं- युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले वैदेशिक रोजगार ऐनमै समस्या भएको बताएका छन् । बुधबार प्रतिनिधिसभा बैठकमा सांसदहरूले उठाएको प्रश्नको जवाफ दिने क्रममा उनले ऐनको जटिलताका कारण वैदेशिक रोजगार क्षेत्रका समस्या समाधान गर्न नसकिएको बताएका हुन् ।

वैदेशिक रोजगार क्षेत्रका गलत अभ्यास रोक्न ऐन संशोधन र सेवा प्रवाहलाई डिजिटलाइज्ड गर्ने विषयलाई प्राथमिकतामा राखिएको मन्त्री यादवले बताए । 'विद्यमान वैदेशिक रोजगार ऐनमा टेकेर सरकारले वैदेशिक रोजगारलाई मर्यादित बनाउन सक्दैन । ऐनअनुसार न रोजगारदातामाथि नियन्त्रण छ, न व्यवसायीलाई व्यवसाय गर्न रेगुलेसन (नियमन) गरिएको छ, न श्रमिकको सुरक्षा छ,' उनले भने, 'यसको नीतिगत समाधान भनेको ऐनको संशोधन र आप्रवासन प्रक्रियालाई डिजिटलाइज्ड गर्नु हो ।'

मन्त्री यादवले 'फ्रि भिसा, फ्रि टिकट'को नीतिमा सरकारले पुनर्विचार गर्ने बताएका छन् । श्रम संस्कृति पार्टीका सांसद आरेन राईले फ्रि भिसा, फ्रि टिकटको सन्दर्भमा म्यानपावर व्यवसायीले मनलाग्दी पैसा उठाइरहेको र श्रमिकहरू ठगीरहेको अवस्थामा सरकारको जवाफ माग गरेका थिए । जवाफमा मन्त्री यादवले फ्रि भिसा भन्ने भाष्य नै गलत भएको बताए ।

क्रमशः पृष्ठ २ मा


**सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा**

**हार्दिक अनुरोध !**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरेवापत हालसम्मको बाँकी बक्यौता रकम यही मिति २०८३ असार १५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नुहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता तथा एजेन्सीहरूसँग सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने अपेक्षा गर्दछौं ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

पृष्ठ १ बाट क्रमशः

## सम्पत्ति शुद्धीकरण...

संलग्नता र भूमिकासमेतका मिसिल संलग्न आधार प्रमाणसमेतलाई मध्यनजर गर्दा दुवैको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (ङ) को अवस्था विद्यमान रहेको देखियो,' आदेशमा भनिएको छ।

सेयरको मूल्य प्रभावित गर्ने, सर्कुलर ट्रेडिङ गर्ने, नेपाल रिइन्स्योरेन्सको सेयर कर्नरिङ गर्ने, आपूर्ति घटाउने, संगठित समूह खडा गर्ने, नियामकहरूलाई प्रभावमा पारी आफू अनुकूलका निर्णय गराउने कार्य देखिएको पनि आदेशमा उल्लेख छ। नेपाल रिइन्स्योरेन्सका संवेदनशील सूचना चुहावट गरी लाभ लिने काम गरेको, आफ्नो आपराधिक षडयन्त्रमूलक योजनाबमोजिम सेयर कारोबारमा भट्ट र अग्रवाल दुवैले समान लक्ष्य तथा उद्देश्यसहित कसुरजन्य कार्य गरेको पनि अदालतको ठहर छ।

आरोपपत्रअनुसार भट्टले हिमालयन रिको तीन अर्ब ८१ करोड, डिबेञ्चरमार्फत ८० करोड, नेपाल रिइन्स्योरेन्सको सेयर घाटामा बिक्री गरेको देखाइ पुनः त्यही कम्पनीको सेयर खरिदमा १२ करोड ७० लाख गरी कूल १४ वटा कम्पनी तथा कारोबारमार्फत २६ अर्ब ६३ करोड २७ लाख रूपैयाँ हेराफेरी गरेको फेला परेको छ।

भट्ट र अग्रवालबाहेक सुभी अग्रवालविरुद्ध तीन अर्ब ९६ करोड, ऋषिराज मोरविरुद्ध तीन अर्ब ७८ करोड, कृषिभ अग्रवालविरुद्ध तीन अर्ब २८ करोड ३८ लाख, अमित मोरविरुद्ध १२ करोड छ लाख, राजकुमार मोरविरुद्ध २७ करोड ६९ लाख र भृकुटी स्टक ब्रोकरका सन्दिप चाचन अग्रवालविरुद्ध १४ अर्ब ५८ करोड ७८ लाख रूपैयाँ बिगो दाबी गरिएको छ।

यस्तै रोहित गुप्ताविरुद्ध पनि दुवैतर्फ गरेर तीन अर्ब २५ करोड बिगो दाबी गरिएको छ। अमित मोरविरुद्ध दुई अर्ब ८५ करोड ३९ लाख, सुभेच्छा खरेलविरुद्ध २७ करोड ३३ लाख, सुभाषकुमार झुनझुनवालाविरुद्ध २७ करोड ३३ लाख, राजीव मोरविरुद्ध २७ करोड ३३ लाख, राजबहादुर शाहविरुद्ध एक अर्ब ७८ करोड र उपासना पौडेलविरुद्ध छ अर्ब चार करोड रूपैयाँ बिगो दाबी गरिएको छ। विभागले मनिषकुमार, शिशिर गैरे, दीपककुमार श्रेष्ठ, रितेश प्रधान, सुमेर शमशेर जबरा, सुभाषबहादुर श्रेष्ठ, आशिष श्रेष्ठ, मृगेन्द्रनाथ रिमाल, सिद्धान्त झुनझुनवाला, सुरेन्द्र थापा, राजकुमार यादव, प्रतापमान श्रेष्ठ, नरेशकुमार रोका, चिरायू भण्डारी, शरद ओझा, मदन दहाल र शंकरलाल अग्रवाललाई पनि प्रतिवादी बनाएको छ।

■■■

## असार तेस्रो...

लालपुर्जा वितरणको घोषणा यस्तो समयमा भयो कि काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा नदी किनार र सार्वजनिक जग्गामा रहेका सुकुमबासी बस्ती डोजर चलाएर हटाइएको छ। प्रधानमन्त्री बालेनको निर्देशनमा वैशाख १२ गते काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट हजारौं परिवारलाई उठिबास लगाइएको थियो। तीमध्ये धेरै अहिले अस्थायी आश्रयस्थल, होटल तथा अन्य सुरक्षित स्थानमा बसिरहेका छन्।

तर, उनीहरू पछिल्ला केही दिनयता आन्दोलित छन्। पेटभरी खाना खान नपाएको र पानीसमेत पिउन नपाएको गुनासो गर्दै आएका छन्। उनीहरूले प्रदर्शनसमेत गरे। उनीहरूको मुख्य चासो स्थायी बसोबासको सुनिश्चितता र जग्गामाथिको अधिकार हो। यस्ता नागरिकका लागि मन्त्री रावलले लालपुर्जा वितरणको घोषणा गरेपछि आशाको विषय बनेको छ।

तर, कतिपय विस्थापित सुकुमबासीहरूले भने आफूहरूको बिल्लिबाठ गर्न सरकार लागेको भन्दै संशय प्रकट गरिरहेका छन्। कीर्तिपुरस्थित राधास्वामी 'होल्डिङ सेन्टर'मा बस्दै आएकी प्रमिला राईले सरकारले लाजपुर्जा दिने भन्नु ठीक भए पनि ढुक्क हुने स्थिति नरहेको बताइन्। 'हामीले यहाँ भात खान पाइरहेको छैन। पानी खान नपाएर प्याकप्याक भएको अवस्था छ, यस्तोमा जग्गाको लाजपुर्जा दिने भनिएको छ तर मलाई त्यति विश्वास छैन,' उनले भनिन्।

यसैबीच सरकारले कीर्तिपुरसहित विभिन्न अस्थायी आश्रयस्थलमा बसेका सुकुमबासीहरूलाई महिनाको १५ हजारको दरले तीन महिनाको ४५ हजार र पुनर्स्थापना खर्च २५ हजार गरी ७० हजार रूपैयाँ दिने तयारी थालेको पाइएको छ। अधिकार सम्पन्न बामगती सभ्यता एकीकृत विकास समितिका समाजशास्त्री खगेन्द्र विष्ट त्यसका लागि बैंकका कर्मचारीहरू सुकुमबासीहरूको बसोवासस्थलमा गएर खाता खोलिएको बताउँछन्। उनका अनुसार त्यसपछि राहत दिएर अस्थायी आश्रयस्थलबाट हटाइने छ।

यद्यपि, सरकारको दीर्घकालीन लक्ष्य भने राहत वितरणभन्दा पनि भूमिहीन नागरिकलाई कानुनीरूपमा जग्गाको स्वामित्व प्रदान गर्नु रहेको बताइएको छ। त्यसकै पहिलो चरणका रूपमा लालपुर्जा वितरणको प्रक्रिया सुरु हुन लागेको सरकारी दाबी छ।

भूमि व्यवस्था मन्त्रालयका अधिकारीहरूका अनुसार भूमिहीन र अव्यवस्थित बसोबासीको तथ्यांक संकलन, प्रमाणीकरण र वर्गीकरणको काम भइरहेको छ। वास्तविक भूमिहीनको पहिचान गरी कानुनी प्रक्रिया पूरा भएपछि लालपुर्जा वितरण गरिने छ।

सरकारले आफ्नो १०० बुँदे शासकीय सुधार कार्यक्रमअन्तर्गत भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानलाई प्राथमिकतामा राखेको छ। त्यस्तै, ६० दिनभित्र एकीकृत डिजिटल लगत संकलन तथा प्रमाणीकरण सम्पन्न गर्ने र एक हजार दिनभित्र समस्या समाधान गर्ने लक्ष्य पनि सार्वजनिक गरिएको छ।

यद्यपि, लालपुर्जा वितरण जग्गाको कागज दिने प्रक्रियामात्र होइन, यो सामाजिक न्यायसँग जोडिएको विषय पनि हो। जग्गाको स्वामित्व प्राप्त भएपछि नागरिकले बैंकिङ सेवा, कृषि ऋण, घर निर्माण, व्यवसाय सञ्चालन तथा अन्य आर्थिक गतिविधिमा सहज पहुँच प्राप्त गर्न सक्छन्। यसले गरिबी न्यूनीकरण र सामाजिक सुरक्षामासमेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

■■■

## व्यवसायीको...

यसैबीच, श्रम मन्त्रालयले साउदी अरबले लागू गर्न खोजेको सीप प्रमाणीकरणबारे अध्ययन गर्ने जनाएको छ। मन्त्रालयले अध्ययनपछि मात्र आवश्यक निर्णय लिइने मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताए। आफूले कस्तो श्रमिक लग्ने भन्ने साउदीको अधिकार भए पनि व्यवसायीले उठाएका विषयमा अध्ययन गरेर बाँकी निर्णय गर्ने उनको भनाइ छ।

'यो विषयमा वैदेशिक रोजगार व्यवसायी संघले जानकारी गराएको हो। साउदीबाट आधिकारिक जानकारी आएको छैन। त्यही पनि अनौपचारिक छलफल गरेर कुरा बुझ्न सकिन्छ,' उनले भने, 'साउदीले यस्तो सीप भएको कामदार लान्छौं भन्न त पायो। अरू, उहाँहरूले उठाएका विषयमा मन्त्रालयमा छलफल गरेपछि के गर्ने तय हुन्छ।'

साउदीले जारी गरेको सूचनाका अनुसार दक्ष कामदारको सुनिश्चित गर्न सीप प्रमाणीकरण गर्ने भनिएको छ। हाल लोड/अनलोड वर्कर, क्यारियर, ह्विलब्यारो वर्कर, कन्स्ट्रक्सन र कन्स्ट्रक्टिङ वर्कका लागि सीप प्रमाणीकरण गरिने र पछि अन्य पेसामा विस्तार गर्दै लगिने जारी सूचनामा उल्लेख छ। यसका लागि श्रमिकले सैद्धान्तिक र प्रयोगात्मक परीक्षाबापत करिब १५ हजार रूपैयाँ तिर्नुपर्ने भनिएको छ।

उक्त प्रावधानले श्रमिकलाई आर्थिक भार थप्ने संघको दाबी छ। राज्यले नैतिक भर्ना प्रणालीको कुरा उठाउँदै गर्दा श्रमिकमाथि आर्थिक भार पार्ने यस्ता प्रावधानका विषयमा राज्य स्वयं जिम्मेवार हुनपर्ने संघका अध्यक्ष खत्रीले बताए। विभिन्न बाहानामा श्रमिकहरू मारमा नपरुन् भनेर सरकारको ध्यानाकर्षण गराएको खत्रीको भनाइ छ।

'वास्तवमा यो संघको मुद्दा होइन, राज्यको मुद्दा हो। सरकारले इथिकल रिक्रुटमेन्ट, निःशुल्क भर्नाजस्ता कुरा गर्दै गर्दा यस्ता प्रावधानले मर्ने श्रमिक नै हो,' उनले भने, 'श्रमिकमाथि आर्थिक भारमा नपरोस् भनेर हामीले नैतिक जिम्मेवारी निभाएको हो।'

राज्यले नियमन नगर्दा विभिन्न संस्थाले विभिन्न बहानामा श्रमिकबाट ठूलो रकम उठाइरहे पनि त्यसको दोष व्यवसायीमाथिमात्रै थोपर्ने गरिएको भन्दै खत्रीले असन्तुष्टि व्यक्त गरे।

■■■

## वैदेशिक रोजगारलाई...

'फ्रि भिसा, फ्रि टिकटको सन्दर्भमा दुईवटा पक्ष हुन्छ। वैधानिक आवश्यकता र व्यावहारिक पक्ष,' उनले भने, 'कुनै श्रमिक गाउँबाट रोजगारदातासम्म पुग्दा जति पनि खर्च हुन्छ, त्यो खर्च नै हो, फ्रि भन्न मिल्दैन।'

यस विषयमा गत जेठ २२ गते बनेको कार्यदलले तयार पार्ने वैज्ञानिक प्रतिवेदनका आधारमा निर्णय लिने मन्त्री यादवले बताए। व्यवसायी र श्रमिकलाई मान्य हुने नीति सरकारले ल्याउने उनको भनाइ छ। सो क्रममा उनले श्रमिकलाई आधारभूत सेवा सुविधा नदिने र सम्मानजनक व्यवहार नगर्ने रोजगारदातालाई श्रमिक नपठाउनेसमेत बताएका छन्। 'जुन-जुन रोजगारदाताले हाम्रो श्रमिकहरूलाई डिसेन्ट वर्क, बेसिक लिभिङ स्टचाण्डर र सम्झौताअनुसारको काम र ज्याला दिन सक्दैनन् ती रोजगारदाता जुनसुकै देशका भए पनि श्रमिक पठाउँदैनौं,' उनले भने।

मन्त्री यादवले हालसम्म वैदेशिक रोजगार विभागमा थन्किएका मुद्दालाई डिजिटलाइज्ड गरेर वर्गीकरण गर्ने काम भइरहेको पनि जानकारी गराए। २०५७ सालदेखिका १० हजारभन्दा बढी फाइल डिजिटलाइज्ड भइसकेको र असार मसान्तभित्र १५ हजार मुद्दा टुंग्याइने उनको भनाइ थियो।

रोजगारीमा जाँदै आएका घरेलु श्रमिकको विषयमासमेत नीतिगत अप्ठ्यारोमा फसेको उनको भनाइ छ। छ वर्ष अगाडि संसदीय समितिको निर्देशनअनुसार सातवटा मापदण्ड राखेर श्रम स्वीकृति दिन बन्द गरिए पनि हालसम्म त्यसमा कुनै सुधार भएको नपाएको उनको मन्त्री यादवले बताए। हाल कुवेतमा करिब ६४ हजार घरेलु श्रमिक कार्यरत रहेको उनले बताए।

■■■


### मोटरसाइकल हरायो

मिति २०८३/०२/१३ गते बिहान अन्दाजी १:०० बजेको समयमा मध्यपुर थिमी नगरपालिका वडा नं.३ गट्ठाघर, भक्तपुरमा घरको अगाडि पार्किङ्ग गरेको अवस्थामा बा.प्र.०२-०६५ प २१९४ नम्बरको कालो/रातो रङ्गको निम्न व्यहोरा भएको 150 सि.सि. को पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**सवारी धनीः लालु कुमार महत्तो**
**च्यासिस नं.:** MD2A11CX3SPH84827
**इन्जिन नं.:** DHXPSH65006
**सम्पर्क नं.:** 9708401673

### बिमालेख हरायो

मिति २०८३/०१/२५ गते काठमाडौं स्थित गौशालाबाट इमाडोल जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

**नाम : शिव नारायण कापर**
**ठेगाना : जनकनन्दिनी-५, पत्नुका, धनुषा**
**बिमालेख नं.:** ११००६९२६१
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं :** ९८०८०६९२४०

### मोटरसाइकल हरायो

मिति २०८३/०२/२४ गते अन्दाजी १०:०० बजेको समयम का.जि. कागेश्वरी न.पा. वडा नं. ०४ थली सिंखडा प्रगतीमार्ग स्थित घर अगाडि पार्किङ्ग गरेको अवस्थामा बा.प्र. ०२-०३० प ०५८४ नम्बरको कालो/रातो रङ्गको निम्न व्यहोरा भएको २२० सि.सि. को पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**सवारी धनीः लौटन थारु**
**च्यासिस नं.:** MD2A13EX5MCE88993
**इन्जिन नं.:** DKXCMD09294
**एम्बोस नं.:** BAGMATI AAB 4806
**सम्पर्क नं.:** 9967196464

### नेपाल हर्वस ईण्डष्ट्रिज प्रा. लि., वीरगञ्ज-१४, पर्सा, नेपालको सार्वजतिक सूचना

**(प्रकाशित मितिः २०८३/०३/०४)**

यस उद्योगले निम्न बस्तुहरुको अधिकतम बिक्रि मूल्य (MRP) तपसिल बमोजिम कायम गरेको ब्यहोरा सर्ब साधारणको जानकारीकोलागि प्रकाशित गरिएकोछ।

| क्र. सं. | बस्तुको बिबरण | ब्राण्ड | MRM प्रति ईकाई |
|---|---|---|---|
| 1. | Newlook Bleaching Color Cream Platinumintense Blonde 100 ml/ 200 mlL | Newlook 000000/130 | रू. ४००/- |
| 2. | Newlook Box Hair Color Intense Red 60ml / / 100ml | Newlook 6.6 | रू. ३५०/- |
| 3. | Newlook Box Hair Color Natural Brown 60 ml// 100 ml | Newlook 5.0 | रू. ३५०/- |
| 4. | Newlook Box Hair Color Night Red Brown 60ml //100ml | Newlook 6.45 | रू. ३५०/- |
| 5. | Newlook Box Hair Color Purple Brown 60ml / / 100ml | Newlook 5.66 | रू. ३५०/- |
| 6. | Newlook Color Developer 10 Volume 1000 ml | Newlook 3% | रू. ३५०/- |
| 7. | Newlook Color Developer 20 Volume 1000 ml | Newlook 6% | रू. ३५०/- |
| 8. | Newlook Color Developer 30 Volume 1000 ml | Newlook 9% | रू. ३५०/- |
| 9. | Newlook Color Developer 40 Volume 1000 ml | Newlook 12% | रू. ३५०/- |

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालय

**दफा १३६ (१) दर्ता खारेजी-२ सम्बन्धमा (हक दावी गर्न आउने बारेको ३५ दिने सूचना)**

प्रकाशित मिति २०८३/०३/०४ गते

यस कार्यालयमा मिति २०७६/०८/०५ मा दर्ता भएको **श्री रूपन्देही एग्रो फार्म एण्ड रिसर्च सेन्टर प्राइभेट लिमिटेड (प्रा.लि.नं. २२८७०३)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

### अधिकृत वारेशनामा बदर गरिएको सम्बन्धित सूचना

धनिराम कामी नेपालीको छोरी शेर बहादुर बि.क.को बुहारी तिलक वि.क.को पत्नी रुकुम जिल्ला खलंगा-२ को हाल रुकुम पश्चिम जिल्ला मुसिकोट न.पा.-५ जन्म घर भई का.जि.का.म.न.पा. - १६ बस्ने वर्ष ४३ की कमला वि. के. ( ना.प्र. नं. ११२-००९-२६५४ मिति २०५५/०७/२४ जि.प्र.का. रुकुम पश्चिम) का नाउँमा भू.प्र.का. (साविक मा.पो.का.) रुकुम (पश्चिम) मा दर्ता कायम भएको रुकुम पश्चिम जिल्ला खलंगा गा.वि.स. - २ नक्सा ०३००९९५ कि.नं. ७१२, ११५६ र ४५०० का ३ कित्ता घर जग्गाहरु राजिनामाको ब्यहोराले विक्री गर्न विष्णु प्रसाद बिमलीको नाति योगेन्द्र बिमलीको छोरा सुनसरी जिल्ला महेन्ऽनगर-१ को हाल ऐ.बराह न.पा.-६ बस्ने वर्ष २७ को रोशन बिमली (ना.प्र. नं. ०६-०१-७३-०६४९६ मिति २०७३/०६/०५ जि.प्र.का. सुनसरी) लाई द.नं. १२५९ मिति २०८२/१०/२८ गते काठमाण्डौ जिल्ला अदालतबाट अधिकृत वारेसनामा गरी दिएकोमा आजैका मितिबाट उक्त वारेसनामा बदर गरिएको हुँदा सोको प्रयोजनार्थ मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५ को देहाय १ (ग) नं. बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

### साउदी/मलेसियामा रोजगार

**कम्पनी : Jalal Saad Al Jalal General Contracting Est**

पूर्व स्वीकृति मिति : २०८३/03/03 | LT. No. 343546 | चलानी नं. ६०२५६९६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 4 | 0 | 1000 | ४०,२९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 6 | 0 | 1000 | ४०,२९७ | | | | | | | |

**कम्पनी : Svs Vaasan Metals Sdn. Bhd.**

पूर्व स्वीकृति मिति : २०८२/१२/01 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/03 | LT. No. 339983 | चलानी नं. ६०२५३४४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 1 | 0 | 1700 | ६८,५०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ११ गते (25th Jun. 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Dar Al-Khaleej | श्रम इजाजत नं. ५५७/०६२/६३

**DAR AL-KHALEEJ OVERSEAS MANPOWER CONCULTANT**
Sambhu Marg, Airport, Kathmandu, Nepal, Contact no.: 01- 4569996, 9804821491, 9801041130
Email: Info@daralkhaleej.com.np, Web: www.daralkhaleej.com.np


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बिहीबार, ४ असार, २०८३**

| | |
|---|---|
| **मेष** | नयाँ अवसर प्राप्त हुन सक्छ। काममा आत्मविश्वास बढ्नेछ र साथीभाइको साथ मिल्नेछ। |
| **वृष** | आर्थिक पक्ष सुदृढ बन्ने संकेत छ। पारिवारिक सहयोगले मन प्रसन्न रहनेछ। |
| **मिथुन** | बोली र व्यवहारले अरूको मन जित्नुहुनेछ। नयाँ जानकारी वा अवसर प्राप्त हुन सक्छ। |
| **कर्कट** | अध्ययन तथा सिर्जनात्मक कार्यमा रुचि बढ्नेछ। मनमा रहेको जिज्ञासाको समाधान मिल्न सक्छ। |
| **सिंह** | पुराना अनुभवबाट लाभ मिल्नेछ। निर्णय गर्दा धैर्य अपनाउनु राम्रो हुनेछ। |
| **कन्या** | अधुरा काम पूरा हुने योग छ। व्यवस्थित रूपमा अघि बढ्दा सफलता प्राप्त हुनेछ। |
| **तुला** | नयाँ योजना बन्न सक्छ। शुभ समाचारले दिन उत्साहपूर्ण रहनेछ। |
| **वृश्चिक** | पारिवारिक सम्बन्ध सुदृढ बन्नेछ। आत्मीय व्यक्तिसँगको भेटघाट लाभदायी रहनेछ। |
| **धनु** | नयाँ विचार र अवसरतर्फ आकर्षण बढ्नेछ। यात्राको सम्भावना पनि देखिन्छ। |
| **मकर** | आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर मिल्नेछ। निर्णयमा दृढ रहँदा फाइदा हुनेछ। |
| **कुम्भ** | व्यस्तता बढे पनि काम सफलतापूर्वक सम्पन्न हुनेछन्। प्राथमिकता निर्धारण गर्नु आवश्यक छ। |
| **मीन** | मानसिक शान्ति प्राप्त हुनेछ। एकान्तमा बिताएको समयले नयाँ ऊर्जा प्रदान गर्नेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

४ असार, २०८३ (१८ जुन २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.०० | १५१.६० |
| युरो | १ को | १७५.३० | १७५.९९ |
| पाउन्ड स्टिर्लङ | १ को | २०२.६९ | २०३.४९ |
| स्विस फ्रैन्क | १ को | १९०.०९ | १९०.८५ |
| अस्ट्रेलियन डलर | १ को | १०६.८० | १०७.२३ |
| क्यानाडियन डलर | १ को | १०७.८६ | १०८.२९ |
| सिङ्गापुर डलर | १ को | ११७.८४ | ११८.३० |
| जापानी येन | १० को | ९.४२ | ९.४५ |
| चिनियाँ युआन | १ को | २२.३५ | २२.४४ |
| साउदी अरब रियाल | १ को | ४०.२४ | ४०.४० |
| कतारी रियाल | १ को | ४१.४४ | ४१.६० |
| थाई भाट | ख १ को | ४.६४ | ४.६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.११ | ४१.२८ |
| मलेसियन रिङेट | १ को | ३७.१२ | ३७.२७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०२ | १०.०६ |
| स्विडिस क्रोनर | १ को | १६.०८ | १६.१५ |
| डेनिस क्रोनर | १ को | २३.४५ | २३.५५ |
| हङकङ डलर | १ को | १९.२८ | १९.३५ |
| कुवेती दिनार | १ को | ४९१.९४ | ४९३.८९ |
| बहराइन दिनार | १ को | ४००.४८ | ४०२.०७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ।

# पिआरधारी दुई कर्मचारी हटाउँदै सरकार

■ प्रभाव संवाददाता

**काठमाडौं–** भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विदेशी मुलुकको स्थायी आवासीय अनुमति (पिआर) लिएर लामो समयदेखि कार्यालयमा अनुपस्थित रहेका दुई कर्मचारीमाथि कारबाही प्रक्रिया अघि बढाएको छ। मन्त्रालयले बुधबार सार्वजनिक सूचना जारी गरेर स्पष्टीकरण मागेको हो। यद्यपि, ती कर्मचारीको नाम भने सार्वजनिक गरिएको छैन।

मन्त्रालयका अनुसार दुवै जना कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारी हुन्। उनीहरूले अध्ययन बिदा वा असाधारण बिदा लिएर विदेश गएको र बिदाको अवधि सकिएपछि पनि कार्यालयमा हाजिर नभई विदेशमै बसोबास गरिरहेको पाइएको छ। साथै, उनीहरूले विदेशी मुलुकको अस्थायी वा स्थायी आवासीय अनुमति प्राप्त गरेको तथ्यसमेत भेटिएको मन्त्रालयको दाबी छ।

बुधबार सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले उनीहरूमाथि कारबाही प्रक्रिया अगाडि बढाएको बताइन्। सरकारी स्रोतका अनुसार मन्त्रालयले ती कर्मचारीसँग १५ दिनभित्र स्पष्टीकरण मागेको छ। चित्तबुझ्दो जवाफ नआए उनीहरूलाई भविष्यमा सरकारी सेवाका लागिसमेत अयोग्य ठहरिने गरी कारबाही हुन सक्ने अवस्था रहेको बताइएको छ।

> - कम्प्युटर पदमा कार्यरत दुई पिआरधारी कर्मचारीलाई हटाउने प्रक्रिया सुरू
> - अध्ययन बिदा र असाधारण बिदा लिएको र बिदा सकिएपछि पनि उनीहरु कार्यालयमा अनुपस्थित
> - निजामती सेवामा अनुशासन र जवाफदेहितालाई थप मजबुत बनाउन निगरानी बढाएको सामान्य प्रशासनमन्त्रीको भनाइ

निजामती सेवा ऐनअनुसार बहालवाला कर्मचारीले विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिन वा त्यसका लागि आवेदन दिन पाउँदैनन्। त्यस्तै, स्वीकृत बिदा समाप्त भएपछि ३० दिनभित्र कार्यस्थलमा उपस्थित हुनुपर्ने व्यवस्था छ। मन्त्रालयको निष्कर्षमा ती कर्मचारीले दुवै प्रावधान उल्लंघन गरेको देखिएको छ।

मन्त्रालयले विदेशमा बसोबास गरिरहेका तथा लामो समयदेखि सम्पर्कविहीन अन्य कर्मचारीको अवस्थाबारे पनि अध्ययन र खोजी कार्य तीव्र पारिएको जनाएको छ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री रावलले निजामती सेवामा अनुशासन र जवाफदेहितालाई थप मजबुत बनाउन निगरानी बढाइएको बताएकी छन्। उनका अनुसार कार्यालयमा अनुपस्थित कर्मचारीहरूको विवरण संकलन भइरहेको छ र प्राप्त तथ्यका आधारमा कानुनअनुसार निर्णय गरिने छ।

उसो त निजामती प्रशासनमा लामो समयदेखि एउटा प्रवृत्तिको चर्चा हुँदै आएको छ- केही कर्मचारी अध्ययन बिदा वा अन्य सुविधामा विदेश गएपछि उतै स्थायी बसोबासको व्यवस्था मिलाएर नेपाल फर्किंदैनन्। तर, सरकारी अभिलेखमा उनीहरूको स्थिति लामो समयसम्म स्पष्ट हुँदैन। मन्त्रालयको पछिल्लो कदमलाई यही प्रवृत्तिमाथिको कडाइका रूपमा हेरिएको छ।

# नागरिक सर्वोच्चताको सम्मान गर्न सरकारलाई पापडको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** शान्ति र लोकतन्त्रका लागि पेसागत सञ्जाल (पापड)ले नागरिक सर्वोच्चता, मानवअधिकार, अन्तर्राष्ट्रिय कानुन, संविधानको सम्मान गर्न सरकारलाई आग्रह गरेको छ। पापडले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै यस्तो आग्रह गरेको हो।

लोकतान्त्रिक मूल्यमान्यता, विधिको शासन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, न्यायपालिकाको स्वतन्त्रता, नागरिक अधिकार तथा संस्थागत सन्तुलनको रक्षा गर्न आग्रह गरिएको छ। पापडले मुलुकमा पछिल्लो समय विकसित राजनीतिक, संवैधानिक तथा प्रशासनिक गतिविधिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

'संविधानको कार्यान्वयन, लोकतान्त्रिक संस्थाहरूको सुदृढीकरण, विधिको शासन तथा नागरिक अधिकारको संरक्षण राज्य सञ्चालनका आधारभूत मान्यता हो भन्नेमा पापड दृढ छ,' विज्ञप्तिमा भनिएको छ, 'तर, वर्तमान शासन सञ्चालनको शैलीले ती मूल्य मान्यताहरूलाई क्रमशः संस्थागतरूपमै कमजोर बनाउँदै लान खोज्नु चिन्ताको विषय हो।'

'लोकतन्त्र केवल निर्वाचनमार्फत प्राप्त बहुमतको शासनमात्र होइन, बरु संविधानको सर्वोच्चता, शक्तिको सन्तुलित प्रयोग, संस्थागत उत्तरदायित्व, अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, पारदर्शिता, नागरिक स्वतन्त्रता तथा विधिको शासनमा आधारित प्रणाली हो भन्ने न्यूनतम सर्तलाई नबिर्सन पापड राज्यका अंगहरूलाई स्मरण गराउन चाहन्छ,' विज्ञप्तिमा थप भनिएको छ।

पछिल्लोपटक सुकुम्बासी बस्ती जबर्जस्ती हटाउने कार्य, न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षतामै आँच आउनेगरी कार्यपालिकाबाट निर्देशित न्यायापालिका सञ्चालन गर्ने चाहना, संसद्को सक्रिय र प्रभावकारी भूमिका खुम्च्याउन जवाफदेहीताबाट भाग्ने अभ्यासको पापडले विरोध जनाएको छ।

'नागरिक अधिकार संकुचित पार्ने, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हकमा आघात पार्ने गरी सञ्चारमाध्यममाथि आर्थिक नाकाबन्दी लगाउने, संविधानप्रदत्त पेसागत तथा ट्रेड युनियनलगायतका अधिकारमुखी संघसंस्थामाथि राज्यको नियन्त्रणमुखी व्यवहार र प्रयास, विश्वविद्यालयहरूको स्वायत्ततामा प्रहार गर्दै शिक्षा तथा स्वास्थ्यजस्ता आधारभूत क्षेत्रहरूमा स्थापित अभ्यास भत्काएर देखाइएको नीतिगत अस्पष्टता र उदासीनता, आमनागरिकको जीविका, रोजगारी, व्यवसाय तथा सम्मानजनक जीवनयापनमासमेत प्रतिकूल असर पार्ने कदमहरूप्रति पापड विरोध प्रकट गर्दछ,' विज्ञप्तिमा भनिएको छ।

लोकतन्त्र, संविधान र नागरिक अधिकारको संरक्षणका लागि सबै लोकतन्त्रवादी शक्ति, पेसागत संगठन, सञ्चारक्षेत्र, शैक्षिक समुदाय तथा नागरिक समाजलाई एकजुट भई लोकतान्त्रिक मूल्यमान्यताको पक्षमा उभिन पापडले आह्वान गरेको छ।

यसैबीच नागरिक अधिकार खुम्च्याउने तथा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकमा अंकुश लगाउने सरकारी प्रयासको विरोधमा नेपाल पत्रकार महासंघले भोलि असार ५ गते दिउँसो ४ बजे माइतीघरमा आह्वान गरेको ऱ्यालीप्रति पापडले ऐक्यबद्धता जनाएको छ।

प्रेस विज्ञप्तिमा नेपाल चिकित्सक संघका अध्यक्ष डा. बद्रि रिजाल, नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्मा, नेपाल बार एसोसिएसनका अध्यक्ष वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र, नेपाल प्राध्यापक संघका अध्यक्ष प्रा.डा. रमेशकुमार जोशी, नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी र नेपाल इन्जिनियर्स एसोसिएसनका अध्यक्ष इ. सुवासचन्द्र बरालको हस्ताक्षर गरेका छन्।

# 'लैंगिक समानता र हिंसामुक्त समाज निर्माण उच्च प्राथमिकतामा'



**काठमाडौं (प्रस)–** महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले आगामी आर्थिक वर्षको बजेटमा महिला सशक्तीकरण, लैंगिक समानता र हिंसामुक्त समाज निर्माणलाई उच्च प्राथमिकतामा राखिएको बताएकी छन्।

प्रतिनिधिसभाको बुधबारको बैठकमा विनियोजन विधेयकमाथिको छलफलमा उठेका प्रश्नको जवाफदिने क्रममा मन्त्री बादीले हिंसा प्रभावित तथा जोखिममा रहेका महिला र किशोरीको आर्थिक सशक्तीकरणमा जोड दिइएको जानकारी दिइन्। उनले हिंसाप्रभावित महिलाका लागि सीप विकास, सीप परीक्षण, स्टार्टअप सहयोग र उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरिएको बताइन्।

सांसदहरूको प्रश्नको जवाफमा उनले पार्लेमो प्रोटोकलका साथै समसामयिक मुद्दा सम्बोधन गर्नका लागि मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ लाई समसामयिक संशोधनको प्रक्रिया सुरू गरिसकिएको जानकारी दिइन्। यसैगरी लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा परियोजना १२ वटा स्थानीय तहमा सञ्चालन गरिने बताइन्। मन्त्रालयले मानव विकास सूचकांकमा पछाडि परेका १११ वटा स्थानीय तहमार्फत विपन्न महिलाको जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन हुँदै आएको बताइन्।

# अतिविपन्न एक हजार परिवारलाई आवास बनाउँदै बागमती सरकार

**बागमती (प्रस)–** बागमती प्रदेश सरकारले प्रदेशका अतिविपन्न कम्तीमा एक हजार परिवारलाई सुरक्षित आवास निर्माण गर्ने भएको छ।

सोमबार सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्दै प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले उक्त आवास निर्माण गरी वितरण गर्न २० करोड रूपैयाँ विनियोजन गरिएको बताए।

सरकारले प्रशासनिक पुनर्संरचनाद्वारामन्त्रालय/निकायहरू घटाइएको भन्दै उनले प्रदेशको चालु खर्चमा ११ प्रतिशतले बचत हुने अनुमान गरिएको जानकारी दिए। प्रदेश सरकारको एकीकृत प्रशासनिक भवन, प्रदेशसभा भवन तथा आवास निर्माणका लागि ५६ करोड ५० लाख रूपैयाँ विनियोजन गरिएको छ।

मन्त्री तामाङका अनुसार मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमअन्तर्गत युवा स्वरोजगार, उद्यमशीलता, प्रादेशिक स्टिम/आइटी विद्यालय, विद्यार्थी हयाकाथन र स्मार्ट शिक्षा आइटी स्किल फेलोसिपका लागि २० करोड रूपैयाँ विनियोजन गरिएको छ।

युवा स्वरोजगार ब्याज अनुदान कार्यक्रमअन्तर्गत वैदेशिक रोजगारीबाट फर्केका दक्ष जनशक्ति, घरेलु र आइटी उद्यमीहरूलाई कर्जामा ब्याज अनुदान दिन २० करोड रूपैयाँ विनियोजन गरिएको उनले बताए। प्रदेश गौरवका आयोजनाका रूपमा हेटौंडामा प्रदेश राजधानी चक्रपथ, गौरीटार रंगशाला, आरोग्य केन्द्र र एकीकृत प्रदेश प्रशासकीय भवनलाई अघि बढाइने बजेटमा उल्लेख गरिएको छ।


## साउदीमा रोजगार

कम्पनी : MASSADR HUMAN RESOURCES SERVICES COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 343095 | चलानी नं.६०२५६४३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 20 | 0 | 1000 | ४०,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : LAYALI ALSHITA COMPANY FOR BEVERAGES

पूर्व स्वीकृति मिति : २०८३/०३/०३ | LT. No. 343620 | चलानी नं.६०२५६९३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ४०,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ११ गते (25th Jun. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.१०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५



## युएइमा रोजगार

कम्पनी : MAZRUI & HAWI PAINTING COMPANY - W L L

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/०३ | LT. No. 317283 | चलानी नं. ६०२५३२२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolders | 80 | 0 | 1200 | ४९,४३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Spray Painter | 50 | 0 | 1200 | ४९,४३७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ११ गते (25th June 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

MINAWA
Govt.Lic. No- 1168/073/074
MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Shindraa Solutions Pvt Ltd** कम्पनीले **China** बाट पैठारी गरेको दोहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ।

| S.N. | Description | Brand | Model | Origin | Quantity | MRP (NPR) | Unit |
|---|---|---|---|---|---|---|---|
| 1 | Precision Air conditioners | Coolnet | (M20U) | CHINA | 4 | 9,57,328.00 | PCS |
| 2 | SS chiller cabinet | NOVATEK | NT-FRCH-4D | CHINA | 1 | 1,27,787.00 | PCS |
| 3 | SS chiller cabinet | NOVATEK | NT-PRWB-2D | CHINA | 1 | 1,26,300.00 | PCS |
| 4 | SS chiller cabinet | NOVATEK | NT-PRWB 2DG | CHINA | 1 | 1,17,076.00 | PCS |
| 5 | Ductable Air conditioners | TCL | TMV-V36F5 N1Y HS | CHINA | 10 | 72,365.00 | PCS |
| 6 | AIR CONDITIONERS | NOVATEK | NVA07-WAC | CHINA | 20 | 143,505.00 | PCS |
| 7 | Heat Pump | MBO | 3Kw | CHINA | 2 | 92,825.00 | Sets |
| 8 | Stainless Steel Sink | Shengleng | | CHINA | 250 | 8,695.00 | PCS |
| 9 | Stainless Steel Sink | Shengleng | | CHINA | 100 | 8,845.00 | PCS |
| 10 | Display cabinets | Shengleng | | CHINA | 5 | 115,685.00 | PCS |
| 11 | Display cabinets | Shengleng | | CHINA | 15 | 124,755.00 | PCS |
| 12 | NITRILE RUBBER SHEET WITH ALUMINIUM FOIL | Shengleng | | CHINA | 40 | 23,817.00 | PCS |

Buddhanagar-10 Kathmandu Nepal, (VAT NO. 603495535),. EXIM NO.: 603495530140NP



# Vacancy Announcement

**First Published Date: 18 June 2026**

We, Oceanplus Logistic Company Pvt. Ltd., are registered at the Office of the Company Registrar on 12-10-2082 B.S. Our company is based on Hong Kong foreign investment. To operate the company, we have fully followed and completed all approvals from the Government of Nepal. Our office is located at Baluwatar, Ward No. 5, Kathmandu.

The company's objective is to provide international cargo handling services for international operations. We urgently require competent and experienced candidates for the following positions. Nepalese candidates are highly encouraged to apply and will be given priority during the selection process.

Interested candidates are requested to submit their biodata/CV within 7 days from the date of publication of this notice at the address mentioned below. Only shortlisted candidates will be contacted.

Special priority will be given to candidates who have strong Chinese language skills in speaking and writing, due to foreign investment involvement from Hong Kong and China.

| S.N. | Position | Qty | Qualification and Experience |
|---|---|---|---|
| 1 | Logistics Operation & Compliance Manager | 1 | Associate or Diploma Degree in International Trade with more than 3 years of work experience in a relevant field. Fluent speaking & writing |

- **Contract Period:** 2 Year
- **Workplace: Baluwatar,** Ward No. 5, Kathmandu
- **Salary:** As per mutual understanding
- **Required Documents:** Previous work-related documents/certificates

**Oceanplus Logistic Company Pvt. Ltd.**
**Baluwatar, Ward No. 5, Kathmandu, Nepal**
**Contact no. : 9823856086, Email: boboczm@gmail.com**



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल असार महिना ४ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय विराटनगरबाट तपशिलमा उल्लेखित ऋणीले आवास कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**ऋणीको विवरण**

सन्तोषी यादवको नाति देव नारायण यादवको छोरा मोरङ्ग जिल्ला रंगेली गा.वि.स. वडा नं. ७ हाल, रंगेली न.पा. वडा नं. ५ बस्ने **राजेश यादव** (ना.प्र.नं. : ०५२०५०-२३०३ जारी मिति र जिल्ला : २०६७/०७/०९, मोरङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) रतनलाल यादवको नाति सन्तोषी यादवको छोरा मोरङ्ग जिल्ला रंगेली वडा नं. ७ हाल, रंगेली न.पा. वडा नं. ५ बस्ने **देव नारायण यादव** (ना.प्र.नं. : ०५४५८/८७६ जारी मिति र जिल्ला : २०४४/१२/२२, मोरङ्ग)

२) लछुमन यादवको छोरी सन्तोषी यादवको बुहारी देव नारायण यादवको पत्नी मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं. ६ हाल, रंगेली न.पा. वडा नं. ५ बस्ने **मानकी देवी यादव** (ना.प्र.नं. : ०५-०६-७७-०३३३६ जारी मिति र जिल्ला : २०७७/१२/१९, मोरङ्ग)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०८१ साल फागुन महिना १३ गतेको उदघोष राष्ट्रिय दैनिक प्रत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
२) मिति २०८२ साल पुष महिना २ गतेको उद्घोष राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| मानकी देवी यादव | मेरङ्ग जिल्ला रंगेली न.पा. वडा नं. ७ | १७८०७९९ | २५ | १,४०५.०० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८३ साल असार महिना १८ गते बिहीबार भित्र यस बैंकको शाखा कार्यालय विराटनगर आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल असार महिना १९ गते शुक्रबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय विराटनगरमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# एउटै प्रकरण, दोहोरो न्याय

विशेष अदालतले बुधबार विवादित व्यवसायी दिपक भट्टलाई सम्पत्ति शुद्धीकरण मुद्दामा पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको छ । भट्टसँगै व्यवसायी सुलभ अग्रवाललाई पनि थुनामा पठाउन आदेश दिएको छ । भट्ट र अग्रवाललाई थुनामा पुऱ्याउने मुद्दा हो सेयर कारोबारमा देखिएको गडबढी । बिचौलियाका रूपमा परिचित भट्टले सेयर कारोबारमा प्रभाव पार्ने काम गरेकोजस्ता आरोपमा मुद्दा परेपछि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पक्राउ गरेको थियो । दुवै जनाले यो आरोप अस्वीकार गरे पनि अनुसन्धान एसएमएसदेखि विभिन्न कागजातले यो पुष्टि गरेको अदालतको आदेशमा भनिएको छ ।

यही विवादमा मुछिएर गृहमन्त्री पद छाडेका सुधन गुरुङ मन्त्रालयमा 'कमब्याक' भएको १० दिन पुगेको छ । भट्टको कम्पनी 'स्टार माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड' मा गृहमन्त्री गुरुङको साझेदारी रहेको र ५० लाखभन्दा बढीको सेयर किनेको खुलेको छ । तर उक्त सेयर गृहमन्त्रीले पैसा तिरेर भन्दा पनि प्रभावित पार्न भट्टले स्वेट सेयरको रूपमा दिएको पनि आशंका छ । उस्तै मुद्दामा भट्ट दोषी ठहर भएर थुनामा पुग्दा गुरुङ भने छानबिन समितिबाट चोख्याएर पुरस्कृत हुनु यो सरकारको विरोधाभाषपूर्ण काम हो । सुशासनको मूल आधार कानुनको शासन हो । चाहे त्यो सामान्य नागरिक होस् वा उच्च राजनीतिक पदमा पुगेको व्यक्ति, राज्यले दोहोरो मापदण्ड अपनाउनु गम्भीर प्रश्न हो ।

एउटै घटनासँग सम्बन्धित व्यक्तिमध्ये एकजना जेल जाने र अर्को देशको सुरक्षा तथा प्रशासनको नेतृत्व गर्ने जिम्मेवारीमा पुग्ने अवस्था देखिँदा नागरिकमा स्वाभाविकरूपमा प्रश्न उठ्नु अस्वाभाविक होइन । गृहमन्त्रीजस्तो संवेदनशील पदमा नियुक्त व्यक्तिप्रति नागरिकको विश्वास अत्यन्त महत्त्वपूर्ण हुन्छ । गृहमन्त्रीले कानुन कार्यान्वयन गर्ने निकायहरूको नेतृत्व गर्छन् । त्यसैले उनीमाथि नै कुनै विवाद वा आशंका रहिरहँदा कानुनको निष्पक्ष कार्यान्वयनप्रति जनविश्वास कमजोर हुन सक्छ । सुशासन केवल कानुनी प्रक्रियालेमात्र स्थापित हुँदैनह नैतिक उत्तरदायित्व र सार्वजनिक विश्वासले पनि त्यसलाई बलियो बनाउँछ ।

वालेन्द्र शाह नेतृत्वको सरकारले सुरुदेखि नै पारदर्शिता, जवाफदेहिता र सुशासनलाई आफ्नो प्रमुख एजेण्डा बनाएको छ । त्यसैले सरकारका हरेक निर्णय यी मूल्यमान्यतासँग मेल खानुपर्छ । यदि आफ्ना निकट व्यक्तिलाई संरक्षण गर्ने र विपक्षी वा कमजोर पक्षमाथिमात्र कठोरता देखाउने प्रवृत्ति देखियो भने सुशासनको नाराले विश्वास गुमाउने छ । सुशासनको वास्तविक परीक्षा पनि यही हो–कानुन र नैतिकताको मापदण्ड सबैका लागि समानरूपमा लागू हुन्छ कि हुँदैन ? त्यसैले गृहमन्त्री गुरुङमाथि स्वतन्त्र समिति गठन गरी पुनः छानबिन गरियोस् ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।

# समग्र आरोग्यता र सर्वकल्याणतर्फको अन्तरयात्रा



❑ डिल्लीराज पौडेल

"शारीरिक स्वास्थ्यले जीवनलाई ऊर्जा प्रदान गर्छ । मानसिक सन्तुलनले स्पष्टता र स्थिरता दिन्छ । भावनात्मक परिपक्वताले सम्बन्धहरूलाई स्वस्थ बनाउँछ । सामाजिक सद्भावले सहअस्तित्वलाई सुदृढ बनाउँछ । आध्यात्मिक चेतनाले जीवनलाई गहिरो अर्थ र दिशा प्रदान गर्दछ । वातावरणीय सन्तुलनले सम्पूर्ण अस्तित्वसँगको सम्बन्धलाई सुरक्षित र जीवन्त बनाउँछ । यी सबै आयामहरु एकअर्कासँग गहिरोरूपमा जोडिएका छन् । कुनै एकपक्ष असन्तुलित हुँदा त्यसको प्रभाव सम्पूर्ण जीवनमा देखिन थाल्दछ ।

'पूर्ण आफूलाई बुझ्ने यात्रा अपूर्ण आफूभित्रैबाट सुरु हुन्छ ।' जब मानिस बाहिरी संसारको दौडधुपबाट केही क्षणका लागि फर्केर आफ्नै अन्तरात्माको ढोकामा पुग्छ, तब आत्मखोजको वास्तविक यात्रा प्रारम्भ हुन्छ । जीवनका अनगिन्ती जिम्मेवारी, उपलब्धि, सम्बन्ध, सफलता र संघर्षका बीचमा एक क्षण यस्तो पनि आउँछ, जब मानिसले आफूलाई आफैंसँग प्रश्न गर्छ, 'म वास्तवमा को हुँ ?'

मानव सभ्यताको सम्पूर्ण इतिहास जति पुरानो छ, त्यो प्रश्न पनि त्यति नै पुरानो छ । यही प्रश्नले ऋषिहरूलाई ध्यानमा डुबायो, दार्शनिकलाई गहिरो चिन्तनमा हरायो, कविहरूलाई शब्द दियो र वैज्ञानिकलाई सत्यको निरन्तर खोजतर्फ प्रेरित गऱ्यो । समय बदलियो, सभ्यताहरू बदलिए, विज्ञान र प्रविधिले अभूतपूर्व उन्नति गऱ्यो तर मानव अन्तरमनमा गुञ्जिरहने यो प्रश्न आज पनि उत्तिकै जीवन्त छ किनकि बाहिरी संसारलाई बुझ्नु र जित्नु जति चुनौतीपूर्ण छ, त्यसभन्दा अझ गहिरो यात्रा आफ्नै अन्तरचेतनालाई बुझ्ने, भेट्ने र अनुभूति गर्नुमा छ ।

एक समय यस्तो पनि थियो, जब बाहिरी उपलब्धिहरूले नै जीवनको पूर्णता दिने छन् भन्ने विश्वास स्वाभाविक लाग्दथ्यो । जिम्मेवारी, पद, प्रतिष्ठा, सफलता र सामाजिक मान्यताका विभिन्न चरणहरू पार गर्दै जाँदा एउटा प्रश्न भने भित्र कतै मौनरूपमा जीवित रहिरह्यो; के यति नै जीवन हो ? बाहिरी उपलब्धिहरू बढ्दै गए, अनुभवहरू विस्तार हुँदै गए, संसारलाई बुझ्ने अवसर प्राप्त हुँदै गए तर भित्री खोज समाप्त भएन । बरु समयसँगै अनुभूति हुन थाल्यो कि मानिसले संसारलाई जति बुझ्दै जान्छ, आफूलाई बुझ्ने आवश्यकता त्यति नै गहिरिँदै जान्छ । यही अनुभूतिले अन्ततः आत्मखोजको यात्रालाई भित्री दिशातर्फ मोडिदिन्छ ।

## आधुनिक युग र चेतनाको संकट

आजको मानव समाज अभूतपूर्व परिवर्तनको युगमा प्रवेश गरिसकेको छ । विज्ञान, प्रविधि, सञ्चार र भौतिक विकासका क्षेत्रमा मानव सभ्यताले उल्लेखनीय प्रगति हासिल गरेको छ । सुविधा बढेका छन्, सम्पर्कका माध्यम विस्तार भएका छन्, जीवनशैली आधुनिक बनेको छ र संसार पहिलेभन्दा धेरै सानो तथा पहुँचयोग्य भएको छ । अर्कोतर्फ यही समयमा मानिसभित्रको शान्ति, सन्तुलन र आत्मीयता भने क्रमशः कमजोर हुँदै गएको अनुभव गर्न सकिन्छ । भौतिक समृद्धि बढेको छ तर मानसिक तनाव पनि बढेको छ । सूचनाको पहुँच बढेको छ, तर आत्मज्ञानको गहिराइ घटेको छ । सम्पर्क बढेका छन् तर सम्बन्धहरूको आत्मीयता कमजोर भएको छ ।

सुविधाहरू बढेका छन्, तर सन्तुष्टि घटेको छ । आज मानिससँग सूचना छ तर अन्तर्दृष्टि कम छ । ज्ञान छ, तर आत्मज्ञान कम छ । साधनहरू छन्, तर साधना कम छ । बाहिरी उपलब्धिहरू छन्, तर भित्री सन्तुलन क्रमशः दुर्लभ बन्दै गएको छ । डिजिटल युगले मानव जीवनलाई एकातिर जोडेको छ भने अर्कोतिर विचलित पनि बनाएको छ । निरन्तर सूचना प्रवाह, सामाजिक सञ्जाल, कृत्रिम बुद्धिमत्ता र तीव्र प्रतिस्पर्धाले बाहिरी संसारसँगको सम्बन्ध विस्तार गरेको छ तर धेरै मानिस आफ्नै अन्तरचेतनासँग टाढिँदै गएका छन् ।

आज विश्व मानसिक तनाव, एक्लोपन, असहिष्णुता, हिंसा, वातावरणीय संकट र मूल्यगत विचलनका चुनौतीहरूसँग जुधिरहेको छ । यी समस्याको समाधान केवल आर्थिक स्रोत, प्रविधि वा नीतिगत सुधारलेमात्र सम्भव हुँदैन । यसको मूलमा मानव चेतनाको गुणस्तर पनि उत्तिकै महत्त्वपूर्णरूपमा जोडिएको हुन्छ । सचेत व्यक्तिविना सचेत समाज निर्माण हुन सक्दैन । सचेत समाजविना दिगो शान्ति सम्भव हुँदैन । त्यसैले आत्मबोधको यात्रा केवल व्यक्तिगत विषय होइन; यो सामाजिक, राष्ट्रिय र विश्वव्यापी महत्त्वको विषय पनि हो । यही कारणले आधुनिक युगको संकट केवल आर्थिक, राजनीतिक वा सामाजिक संकटमात्र होइन; यो चेतनाको संकट पनि हो ।

ज्ञान र विज्ञानको वैभवले मानिसलाई संसार चिनायो तर आत्मज्ञानको अभावले मानिसले आफूलाई चिन्न सकेन । यही नचिनेको अस्तित्वको खोजमा मानिस जीवनभर भौतारिरहन्छ । शरीरलाई आफू ठानिन्छ, विचारलाई आफू ठानिन्छ, भावनालाई आफू ठानिन्छ, पद र प्रतिष्ठालाई आफू ठानिन्छ । तर समयसँगै यी सबै परिवर्तन भइरहन्छन् । शरीर बदलिन्छ । विचार बदलिन्छन् । परिस्थितिहरू बदलिन्छन् । सम्बन्धहरू बदलिन्छन् । दृश्य संसार स्वभावतः अस्थिर र परिवर्तनशील छ । तर एउटा सत्य सधैं अपरिवर्तित रहन्छ; सबै अनुभवलाई अवलोकन गर्ने चेतनाको मौन उपस्थिति यही उपस्थिति आत्मबोधको यात्राको प्रवेशद्वार हो ।

## समग्र आरोग्यताको आवश्यकता

आधुनिक युगले मानव जीवनलाई अभूतपूर्व सुविधा प्रदान गरेको छ । विज्ञान र प्रविधिको विकासले जीवनलाई सहज बनाएको छ, स्वास्थ्य सेवाको पहुँच बढाएको छ, ज्ञान र सूचनाको संसारलाई औंलाको स्पर्शमै ल्याइदिएको छ तर यति धेरै प्रगतिका बीचमा पनि एउटा प्रश्न झन् गम्भीररूपमा उठ्न थालेको छ; के मानिस वास्तवमै स्वस्थ, सन्तुलित र सुखी छ ? यही प्रश्नले आज विश्वभर स्वास्थ्यको परम्परागत अवधारणालाई पुनर्विचार गर्न प्रेरित गरिरहेको छ ।

स्वास्थ्य अब केवल रोगको अनुपस्थितिमात्र होइन भन्ने बुझाइ विस्तार हुँदै गएको छ । यसको स्थान समग्र आरोग्यताको अवधारणाले लिँदै गएको छ । समग्र आरोग्यता भनेको शरीर स्वस्थ हुनुमात्र होइन । यो शारीरिक, मानसिक, भावनात्मक, सामाजिक, आध्यात्मिक र वातावरणीय सन्तुलनको एकीकृत अवस्था हो । यस्तो अवस्था जहाँ मानिस केवल बाँचिरहेको हुँदैन, बरु सचेतरूपमा जीवनलाई अनुभव गरिरहेको हुन्छ । जहाँ जीवन केवल दिनहरू बिताउने प्रक्रिया हुँदैन, बरु अर्थपूर्ण, सन्तुलित र आनन्दपूर्ण अस्तित्वको अनुभूति बन्दछ ।

शारीरिक स्वास्थ्यले जीवनलाई ऊर्जा प्रदान गर्छ । मानसिक सन्तुलनले स्पष्टता र स्थिरता दिन्छ । भावनात्मक परिपक्वताले सम्बन्धहरूलाई स्वस्थ बनाउँछ । सामाजिक सद्भावले सहअस्तित्वलाई सुदृढ बनाउँछ । आध्यात्मिक चेतनाले जीवनलाई गहिरो अर्थ र दिशा प्रदान गर्दछ । वातावरणीय सन्तुलनले सम्पूर्ण अस्तित्वसँगको सम्बन्धलाई सुरक्षित र जीवन्त बनाउँछ । यी सबै आयामहरू एकअर्कासँग गहिरोरूपमा जोडिएका छन् । कुनै एकपक्ष असन्तुलित हुँदा त्यसको प्रभाव सम्पूर्ण जीवनमा देखिन थाल्दछ ।

आजको युगमा मानिससँग धन, पद, प्रतिष्ठा र सुविधा प्रशस्त हुन सक्छन् तर यदि मन अशान्त छ, सम्बन्धहरू तनावपूर्ण छन्, जीवनको उद्देश्य अस्पष्ट छ र चेतना विचलित छ भने बाहिरी उपलब्धिहरूले दीर्घकालीन सन्तुष्टि दिन सक्दैनन् । यही कारणले आरोग्यता विलासिताको विषय होइन, जीवनको आधारभूत आवश्यकता बनेको छ ।

विश्वभर मानसिक स्वास्थ्य, मानव सुख, सामाजिक सद्भाव, वातावरणीय सन्तुलन र दिगो विकासबारे बढ्दो बहसले एउटा महत्वपूर्ण सत्य उजागर गरेको छ । आर्थिक प्रगतिमात्र पर्याप्त छैन । भौतिक समृद्धिमात्र विकासको पूर्ण मापदण्ड हुन सक्दैन । यदि विकासले मानिसको चेतना, करुणा, सन्तुलन र जीवनको गुणस्तरलाई उन्नत गर्न सकेन भने त्यो विकास अधुरो रहन्छ । आज विश्वले विकासको नयाँ परिभाषा खोजिरहेको छ । यस्तो विकास जसले केवल पूर्वाधार निर्माणमात्र नगरी मानव चेतनाको पनि विकास गरोस् । यस्तो समृद्धि जसले केवल उपभोग बढाउने होइन, जीवनको अर्थलाई पनि गहिरो बनाओस् । यस्तो प्रगति जसले बाहिरी सुविधामात्र होइन, भित्री शान्तिलाई पनि पोषण गरोस् ।

यही सन्दर्भमा जीवन विज्ञानको दृष्टिकोण विशेषरूपमा सान्दर्भिक देखिन्छ । जीवन विज्ञानले आरोग्यतालाई केवल स्वास्थ्य कार्यक्रम, उपचार पद्धति वा जीवनशैली सुधारको विषयका रूपमामात्र हेर्दैन । यसले आरोग्यतालाई आत्मबोध, चेतना जागरण र समग्र कल्याणसँग जोडिएको जीवनदर्शनका रूपमा प्रस्तुत गर्दछ । सारगतरूपमा, आरोग्यता कुनै अन्तिम उपलब्धि होइन; बरु यो निरन्तर विकसित हुने जीवन प्रक्रिया हो । यो आफूलाई बुझ्ने, आफ्ना विचार र भावनालाई परिस्कृत गर्ने, शरीर र मनलाई सन्तुलित बनाउने तथा चेतनालाई जागृत गर्ने निरन्तर साधना हो ।

यस यात्रामा मानिस बाहिरी सफलतासँगै भित्री शान्ति, आत्मीयता र अस्तित्वगत पूर्णताको अनुभूतितर्फ अग्रसर हुन्छ । यही बिन्दुबाट जीवन विज्ञानको वास्तविक यात्रा सुरु हुन्छ । बाहिरी संसारलाई परिवर्तन गर्ने प्रयासभन्दा पहिले आफूलाई बुझ्ने र रूपान्तरण गर्ने यात्रा । समग्र कल्याणको आधार बाहिर होइन, अन्ततः मानिसको आफ्नै चेतनाभित्र स्थापित हुन्छ ।

## दुःख मोक्ष, आनन्द प्राप्ति र समग्र कल्याण

जीवन विज्ञानले मानव जीवनको मूल उद्देश्यलाई अत्यन्त सरल तर गहिरो रूपमा व्यक्त गर्दछ; दुःख मोक्ष र आनन्द प्राप्ति । मानव जीवनका अधिकांश प्रयत्नहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यही दुई आकांक्षाका वरिपरि केन्द्रित हुन्छन् । मानिस दुःखबाट मुक्त हुन चाहन्छ र आनन्दको अनुभव गर्न चाहन्छ तर प्रायः दुःखका कारण बाहिर खोजिन्छ र आनन्दको स्रोत पनि बाहिरै खोजिन्छ ।

जीवन विज्ञानले दुःखको मूल कारण बाहिरी संसार होइन, आफ्नै वास्तविक स्वरूपबाट टाढा हुनु हो भन्ने सिकाउँछ । जब मानिस शरीर, विचार, भावना वा बाहिरी पहिचानलाई मात्र आफ्नो सम्पूर्ण अस्तित्व ठान्दछ, तब परिवर्तनशील कुरासँगको आशक्तिले दुःख जन्माउँछ । परिवर्तनलाई स्थायी बनाउन खोज्दा निराशा उत्पन्न हुन्छ र अस्थिरलाई स्थिर बनाउन खोज्दा पीडा उत्पन्न हुन्छ । यसले मानिसलाई अन्तहीन खोज र असन्तुष्टिको चक्रमा राखिरहन्छ तर जब चेतनासँग पुनः सम्बन्ध स्थापित हुन थाल्छ, जीवनप्रतिको दृष्टि परिवर्तन हुन्छ । दुःख शत्रुजस्तो लाग्दैन; बरु आत्मबोधतर्फ डोऱ्याउने शिक्षकजस्तो अनुभूत हुन्छ । चुनौती दण्ड होइनन्; चेतनाको परिपक्वताका अवसरजस्ता देखिन थाल्छन् । पीडाले पनि जीवनको गहिरो अर्थ बुझाउने माध्यमको रूप लिन्छ ।

जब मन वर्तमान क्षणमा स्थिर हुन थाल्दछ, श्वासमा सजगता आउँछ र चेतना क्रमशः जागृत हुँदै जान्छ, तब आनन्द कुनै बाह्य उपलब्धिको परिणामका रूपमा होइन, आफ्नै स्वाभाविक स्वरूपका रूपमा प्रकट हुन पुग्दछ । यस्तो आनन्द परिस्थिति, उपलब्धि, प्रशंसा वा भौतिक सफलतामा निर्भर हुँदैन । यो त भित्री सन्तुलन, सजग चेतना, आत्मीय सम्बन्ध र सच्ची भावबाट सहजरूपमा प्रवाहित हुने गहिरो अनुभूति हो, जसले व्यक्तिलाई शान्ति, सन्तुष्टि र समग्र कल्याणको दिशातर्फउन्मुख गराउँछ । यही अनुभूतिबाट समग्र कल्याणको यात्रा सुरु हुन्छ । समग्र कल्याण केवल व्यक्तिगत सुख वा मानसिक शान्तिमात्र होइन; यो शरीर, मन, भावना, सम्बन्ध, समाज, प्रकृति र चेतनाबीचको सन्तुलित सामञ्जस्यको अवस्था हो । जहाँ व्यक्ति स्वयंभित्र शान्त हुन्छ, सम्बन्धमा करुणा विकसित हुन्छ, समाजप्रति उत्तरदायित्व प्रकट हुन्छ र सम्पूर्ण अस्तित्वप्रति सम्मानको भावना जागृत हुन्छ ।

जब शरीर योगद्वारा सन्तुलित हुन्छ, श्वास प्राणायामद्वारा परिस्कृत हुन्छ, मन ध्यानद्वारा शान्त हुन्छ र चेतना आत्मजागरणतर्फ उन्मुख हुन्छ । जीवन क्रमशः आफ्नो मौलिक स्वरूपतर्फ फर्कन्छ । अभ्यास केवल विधिमात्र रहँदैनन् । ती जीवन जिउने शैलीका रूपमा स्थापित हुन्छन् । सजगता ध्यानको समयमामात्र सीमित रहँदैन । यो दैनिक व्यवहार, सम्बन्ध, निर्णय र जीवन दृष्टिमासमेत अभिव्यक्त हुन्छ । सच्चा भावसहितको यस्तो जीवनदृष्टिले व्यक्तिलाई भित्री सन्तुलनतर्फ उन्मुख गराउँछ । यसबाट शान्ति, आनन्द र समग्र कल्याणको अनुभूति विकसित हुन्छ ।

त्यसपछि विस्तारै अनुभूति हुन थाल्छ कि बाहिर खोजिएको शान्ति आफ्नै अन्तरमनभित्र थियो । खोजिएको प्रेम आफ्नै चेतनाको स्वाभाविक गुण थियो । खोजिएको आनन्द आफ्नै अस्तित्वको मौलिक स्वरूप थियो । र, खोजिएको पूर्णता पनि सधैंदेखि आफ्नै अन्तरदीपभित्र निहित थियो । यही अनुभूतिले दुःख मोक्षलाई सम्भव बनाउँछ, आनन्दलाई स्वाभाविक बनाउँछ र समग्र कल्याणलाई जीवनको जीवित यथार्थमा रूपान्तरण गर्छ । *रासस*

*(लेखक मलेसियाका लागि नेपाली पूर्वराजदूत हुन्)*

## पाठक मञ्च

# ट्रेड युनियन खारेजी: सुशासनतर्फको स्वागतयोग्य कदम

विगत लामो समयदेखि नेपालको सार्वजनिक प्रशासन, विद्यालय र सरकारी निकायहरू राजनीतिक खिचातानी, गुटबन्दी र आन्तरिक स्वार्थको अखडा बन्दै आएका थिए । जनताले तिरेको करबाट तलब खाने राष्ट्रसेवक कर्मचारी र शिक्षकहरू सेवा प्रवाहमाभन्दा दलीय झण्डामुनि ओत लागेर ट्रेड युनियनको राजनीतिमा बढी सक्रिय हुँदा सर्वसाधारणले सास्ती भोग्नुपरेको तीतो यथार्थ कसैसामु छिपेको छैन ।

यसै सन्दर्भमा, सरकारले केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेशमार्फत निजामती कर्मचारी र शिक्षकका ट्रेड युनियन तथा पेसागत संगठनहरू खारेज गर्ने जुन निर्णय गरेको छ, र सोहीबमोजिम जिल्ला प्रशासन कार्यालय काठमाडौंले सरकारी भवनभित्र रहेका युनियनका कार्यालय सात दिनभित्र खाली गर्न निर्देशन दिएको छ, यो कदम अत्यन्तै स्वागतयोग्य, साहसिक र समय सान्दर्भिक छ । यसका लागि सरकार धन्यवादको पात्र बनेको छ ।

नेपालको संविधानले नागरिकलाई संगठित हुने स्वतन्त्रता दिएको सत्य हो, तर यसको अर्थ निजामती कर्मचारी वा शिक्षकहरूले कार्यालय समयमा जनताको काम छोडेर राजनीति गर्न पाउनुपर्छ भन्ने कदापि होइन । लोकसेवा आयोगको निष्पक्ष परीक्षा उत्तीर्ण गरेर आएका कर्मचारी र ज्ञान बाँड्ने पवित्र पेसामा रहेका शिक्षकहरू राजनीतिक दलका भ्रातृ संगठनजस्ता बनेर प्रस्तुत हुनु विडम्बनापूर्ण थियो । ट्रेड युनियनका नाममा सरुवा-बढुवामा हस्तक्षेप गर्ने, आफ्नो स्वार्थ अनुकूल निर्णय गराउन प्रशासनलाई अनौपचारिक दबाब दिने र काम नगर्ने कर्मचारीलाई राजनीतिक संरक्षण दिने बेथिति मौलाएको थियो । सरकारी भवनभित्रै दलीय ट्रेड युनियनका साइनबोर्ड झुण्ड्याएर गतिविधि सञ्चालन हुनुले सार्वजनिक प्रशासनको तटस्थतामाथि सधैं प्रश्न उठाइरहेको थियो । सरकारको यो नयाँ निर्णयले सरकारी संरचनाभित्र दशकौंदेखि जरा गाडेर बसेको दलीय प्रभावलाई अन्त्य गर्न बलियो जग बसालेको छ ।

कर्मचारीहरू सरकारका अभिन्न अंग हुन्, उनीहरूलाई निजी क्षेत्रका मजदुर वा श्रमिकसँग तुलना गरेर ट्रेड युनियनको नाममा राजनीतिक अधिकार खोज्नु न्यायसंगत देखिँदैन । सर्वोच्च अदालतको संवैधानिक इजलासलेसमेत यसअघिको अन्तरिम आदेशलाई निरन्तरता नदिएर सरकारको यो कदमलाई अप्रत्यक्षरूपमा बल पुऱ्याएको छ । कर्मचारीका पेसागत हकहित र गुनासा सुन्नका लागि सरकारले १५ दिनभित्र सम्बोधन गर्ने गरी जुन नयाँ कानुनी प्रावधान ल्याएको छ, त्यो पर्याप्त र व्यावहारिक छ । समस्याको समाधान संस्थागतरूपमा हुनुपर्छ, दलीय दबाबका आधारमा होइन ।

सार्वजनिक प्रशासनलाई निष्पक्ष, व्यावसायिक र नागरिकप्रति उत्तरदायी बनाउन राष्ट्रसेवकहरू राजनीतिक दल, समूह वा स्वार्थ केन्द्रबाट पूर्णरूपमा मुक्त हुनैपर्छ । सरकारले यो निर्णयलाई दृढतापूर्वक र विनाकुनै मोलाहिजा कार्यान्वयन गर्नुपर्छ । सिंहदरबारदेखि स्थानीय तहसम्मका कार्यालयहरू खाली गराउने यो प्रक्रिया केवल एउटा प्रशासनिक औपचारिकतामा मात्र सीमित नभई सेवा प्रवाहमा आमूल परिवर्तन ल्याउने माध्यम बन्नुपर्छ । अब कर्मचारी र शिक्षकहरूले कुनै दलको छहारी खोज्ने होइन, आफ्नो कार्यक्षमता र इमानदारिता प्रदर्शन गरेर जनताको मन जित्नुपर्छ ।

**- रामचन्द्र महर्जन**
कीर्तिपुर, काठमाडौं




**सीमा स्तम्भ मर्मत**

नेपाल–भारत पूर्वी सीमामा जीर्ण तथा भत्किएका सीमा स्तम्भको पुनर्निर्माण र मर्मत कार्य गरिँदै । सशस्त्र प्रहरी बल नेपाल, कोशी प्रदेशस्थित बराह बाहिनी मुख्यालय सुनसरीको नेतृत्वमा झापाको मेचीनगर–७ स्थित सतीघट्टाबाट उक्त अभियानको शुभारम्भ गरिएको छ ।

*तस्बिर: रासस*

# फोहोर बिक्रीबाट २४ लाख आम्दानी

**दमौली (तनहुँ)–** यहाँको सदरमुकामस्थित व्यास नगरपालिकाले फोहोरजन्य वस्तु बिक्री गरी आम्दानी गर्न थालेको छ । नगरपालिकाले २०८२ वैशाख १ गतेदेखि हालसम्म २४ लाख ७१ हजार रूपैयाँ आम्दानी गरेको हो ।

फोहोरका रूपमा संकलन गरी पुनः प्रयोगयोग्य बनाइएका विभिन्न वस्तु बिक्री गरी नगरपालिकाले आम्दानी गरेको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिए । उनका अनुसार कागजजन्य वस्तु बिक्रीबाट छ लाख २३ हजार रूपैयाँ, प्लास्टिकजन्य वस्तु बिक्रीबाट ११ लाख ९८ हजार रूपैयाँ, धातुजन्य वस्तु बिक्रीबाट तीन लाख नौ हजार रूपैयाँ, सिसाजन्य वस्तु बिक्रीबाट दुई लाख ७८ हजार रूपैयाँ र लिलामबाट ६२ हजार रूपैयाँ आम्दानी गरेको छ ।

फोहोरलाई मोहरमा परिणत गरी बिक्रीयोग्य वस्तु बिक्रीका लागि आर्थिक वर्ष २०८१/८२ मा आवश्यक प्रक्रिया पूरा गरी बोलपत्र आह्वान गरिएको र चालु आवमा साविकको मूल्यमा १० प्रतिशत थप गरी तनहुँ स्क्रेप सेन्टर व्यास-१ लाई फोहोर बिक्रीको जिम्मा दिइएको छ । फोहोरमैला व्यवस्थापनको चुनौती खेप्दै आइरहेको नगरपालिकाले घरबाटै फोहोर वर्गीकरण गरी संकलन गर्न थालेको छ । कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै वर्गीकरण गरी संकलन गर्ने र बिक्री गर्न योग्य फोहोर विक्री गरी आम्दानी गरिएको लम्सालले बताए ।

उनले भने, 'एकैठाउँमा सबै फोहोर संकलन गर्दा समस्या हुने भएकाले कुहिनेलाई छुट्टै गाडीमा र नकुहिनेलाई छुट्टै गाडीमा संकलन भइरहेको छ ।' फोहोर बिक्री गरी आम्दानी हुन थालेपछि नगरपालिकालाई आन्तरिक स्रोत वृद्धिमा सहयोग पुगेको लम्सालले बताए ।

व्यास नगरपालिका-१३ मा सरसफाइ व्यवस्थापनका लागि जग्गा खरिद गर्ने कार्यको आवश्यक प्रक्रिया पूरा गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा निर्णयका लागि पेस भएकामा हालसम्म निर्णय नआएको उनले बताए । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले फोहोर उठाउँदादेखि नै कुहिने र नकुहिने फोहोर छुटचाउने र नकुहिने फोहोरभित्र पनि विभिन्न सिसा, प्लाष्टिक, कागजजस्ता चिजहरू छुट्टाएर त्यसलाई मेसिनले कम्प्रेस गरी आम्दानी गर्न थालिएको बताए ।

३३ वर्षसम्म पनि फोहोरमैला व्यवस्थापनको स्थायी समाधान गर्न नसकिएको बताउँदै न्यौपानेले भने, 'विगतको मेरो कार्यकालमा पनि प्रयत्न गर्दा गर्दै समस्या आयो । जग्गा व्यवस्थापनका लागि नगरपालिका लागिरहेको छ ।'

नगरपालिकाले कुहिने फोहोरलाई भने दुम्सीस्थित गौसंरक्षण केन्द्रमा व्यवस्थापन गरी त्यहाँबाट बायोग्यास उत्पादन गर्ने काम गरिरहेको छ । व्यास नगरपालिकाले बजार क्षेत्रको वडा नं २, ३ र ४ बाट दैनिकरूपमा फोहोर संकलन गर्दै आएको छ । नगरपालिकाका बजार क्षेत्रबाट दैनिक ११ टन फोहोर संकलन हुने गरेको छ । *रासस*

# पिखुवा–भेडाबारी सिँचाइ कुलो निर्माण: किसानलाई राहत



**भोजपुर–** पौवादुङमा गाउँपालिका-६ ठूलोदुम्मामा पिखुवा-भेडाबारी सिँचाइ कुलो निर्माणले स्थानीय किसानलाई राहत पुगेको छ । वर्षौंदेखि सिँचाइ अभावका कारण अकासे पानीमामात्र निर्भर रहँदै आएका किसान अहिले नियमित पानीको पहुँचसँगै उत्साहित बनेका हुन् ।

सिँचाइ अभावका कारण खेतीयोग्य जमिन बाँझै रहने, उत्पादन घट्ने र वर्षायामबाहेक अन्य समयमा खेती गर्न कठिन हुने अवस्था यहाँ लामो समयदेखि रहिआएको थियो । तर हालै निर्माण कुलोले उक्त समस्या समाधानतर्फ महत्त्वपूर्ण कदम अघि बढाएको स्थानीय देवकुमार राईले बताए ।

उनले भने, 'पहिले पानीको अभावले बाली सुक्ने समस्याल कतिपय खेत बाँझै राख्नुपर्ने बाध्यतो थियो । अब भने सिँचाइको पहुँचपछि खेती विस्तार गर्न सकिने आशा जागेको छ ।'

उनका अनुसार आयोजना पूर्णरूपमा सञ्चालनमा आएपछि करिब ५०० रोपनीभन्दा बढी खेतीयोग्य जमिन सिँचाइ सुविधामा जोडिने छ । यसले विशेषगरी धान, मकै तथा तरकारी उत्पादनमा वृद्धि ल्याउने उनको भनाइ छ । आर्थिक वर्ष २०७८/७९ बाट निर्माण सुरु गरिएको उक्त सिँचाइ आयोजना हाल करिब डेढ किलोमिटर लम्बाइ निर्माण सम्पन्न भएको छ ।

हालसम्म विभिन्न आर्थिक वर्षमा गरी करिब ५५ लाख रूपैयाँ खर्च भइसकेको सिँचाइ कार्यालयका प्रमुख राजु भट्टराईले जानकारी दिए । 'किसानलाई सहज सिँचाइ सुविधा विस्तार गर्ने उद्देश्यले यो आयोजना अघि बढाइएको हो,' उनले भने, 'हाल केही भागमा पानी सञ्चालनमा आइसकेको छ । बाँकी संरचना सम्पन्न भएपछि पूर्णरूपमा लाभ लिन सकिन्छ ।'

गाउँपालिकाकी उपाध्यक्ष ज्योत्सना राईले कुलो निर्माणपछि विशेषगरी भेडाबारी र छेडराङ क्षेत्रका किसानलाई प्रत्यक्ष लाभ पुग्ने बताइन् । पछिल्लो समय गाउँपालिकाले कृषि उत्पादन वृद्धि र किसानको जीवनस्तर सुधारलाई प्राथमिकतामा राख्दै यस्ता पूर्वाधार विकासमा जोड दिँदै आएको छ ।

'तल्लो क्षेत्रका किसानलाई लक्षित गरेर यो सिँचाइ कुलो निर्माण गरिएको हो,' उनले भनिन्, 'स्थानीय सरकारको पहल तथा प्रदेश सरकारको बजेटमा यो आयोजना अघि बढाउन सफल भएका छौं ।'

स्थानीय किसानका अनुसार सिँचाइ अभावका कारण धेरै जमिन वर्षौंदेखि उपयोगविहीन अवस्थामा थियो । तर कुलो निर्माणसँगै ती जमिन पुनः उत्पादनशील बन्न थालेका छन् । वडा नं ६ का वडाध्यक्ष दक्षकुमार राईका अनुसार सिँचाइ सुविधा विस्तारसँगै किसानलाई अब वर्षभरि खेती गर्न सक्ने वातावरण बनेको र पहिलेको तुलनामा किसानमा आत्मविश्वास बढेको छ ।

गाउँपालिका अध्यक्ष किरण राईले कृषि क्षेत्रलाई स्थानीय अर्थतन्त्रको मेरुदण्डका रूपमा लिँदै सिँचाइ, कृषि सडक, बीउ वितरण तथा प्रविधि विस्तारलाई प्राथमिकतामा राखिएको बताए । 'कृषि उत्पादन वृद्धि गर्न सिँचाइ आधारभूत आवश्यकता हो,' अध्यक्ष राईले भने, 'आगामी दिनमा थप क्षेत्र समेट्नेगरी कुलो विस्तार, मर्मत तथा नयाँ आयोजना पनि अघि बढाइने छ ।' गाउँपालिकाले यस्ता सिँचाइ पूर्वाधार विकासले कृषिमा आधारित अर्थतन्त्रलाई सुदृढ बनाउन सहयोग पुग्ने विश्वास लिएको छ । *रासस*

# बाढीले बगाएको फोक्सिङटार पुल पुनर्निर्माणको पहल



दिक्तेल-गाईघाट सडकखण्ड (१०१ किलोमिटर) अन्तर्गत बनेको १२० मिटर लामो 'आर्क' डिजाइनको पक्की पुल बाढीले बगाएपछि बेलिब्रिज जडान गरी यातायात सञ्चालन हुँदै आएको थियो । *रासस*

**खोटाङ–** खोटेहाङ गाउँपालिकाले खोटाङ र उदयपुर जोड्ने सुनकोशीस्थित फोक्सिङटारमा पक्कि पुल निर्माण गर्न जनस्तरबाट पहल सुरु गरेको छ । दुई वर्षअघिको बाढीले बगाएर अलपत्र बनेको त्यस पुल पुनर्निर्माणका लागि संघीय सरकारबाट बजेट विनियोजन नभएपछि स्थानीय सरकार, नागरिक समाज तथा सरोकारवाला निकायसँगको सहकार्यमा पुल निर्माणसम्बन्धी कार्य अघि बढेको हो ।

तराईसँग सिधा यातायात सेवा जोड्ने फोक्सिङटारको पुल पुनर्निर्माण गर्न छिमेकी पालिकासँग समन्वय गर्ने निर्णय गरिएको गाउँपालिका प्रमुख उदिमबहादुर राईले जानकारी दिए । बाढीले उक्त पुल बगाएपछि पुनर्निर्माण गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले बजेट व्यवस्थापनका लागि अर्थ मन्त्रालयसमक्ष माग गरेको थियो । उनले भने, 'स्थानीय सरकारले बजेट बनाइरहेका छन् । सबै स्थानीय तहसँग कुरा भएको छ । प्राविधिक मूल्यांकन गरेर पुनर्निर्माणको काम सुरु गर्छौं ।'

गाउँपालिकाको कार्यालयमा मंगलबार बसेको सर्वपक्षीय भेलाले गाउँपालिका प्रमुख राईको संयोजकत्वमा १५१ सदस्यीय फोक्सिङटार पुल पुनर्निर्माण पहल समिति गठन गरेको छ । समितिले फोक्सिङटार पुल पुनर्निर्माणका लागि आवश्यक बजेट उपलब्ध गराउन माथिल्लो तहको सरकारसँग 'डेलिगेसन' जाने र बजेट उपलब्ध नगराएको खण्डमा आफ्नै पहलमा पुनर्निर्माणको प्रक्रिया अगाडि बढाउने निर्णय गरेको हो ।

कालोपत्रको काम भइरहेको सगरमाथा लोकमार्गअन्तर्गत दिक्तेल-गाईघाट सडकखण्डको फोक्सिङटारमा पक्की पुल नहुँदा जिल्लावासीले सास्ती भोग्दै आएका छन् । फोक्सिङटार पुल पुनर्निर्माणका लागि जिल्लास्थित सबै स्थानीय तह, जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विभिन्न पेसा व्यवयसाय सञ्चालन गर्दै आएका जिल्लावासीसँग चन्दा संकलन अभियान सञ्चालन गरिने जनाइएको छ ।

जिल्लाका कर्मचारी र जनप्रतिनिधिले महिना दिनको तलब तथा सेवासुविधा जम्मा गरेको खण्डमा पुल पुनर्निर्माण गर्न सकिने सहभागीले बताएका छन् । जिल्लावासीको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको फोक्सिङटार पुल पुनर्निर्माणमा संघीय सरकारले सहयोगको अपेक्षा गरिएको गाउँपालिका उपप्रमुख रूपेश राईले बताएका छन् ।

उनले भने, 'बाढीले बगाएको फोक्सिङटार पुल पुनर्निर्माण गर्न करिब १५ करोड रूपैयाँ बजेट आवश्यक पर्ने अनुमान गरिएको छ ।' खोटेहाङ गाउँपालिका-९ लिच्किराम्चे र उदयपुरको रौतामाई गाउँपालिका-५ आँपटार जोड्ने पुल पुननिर्माण गर्न स्थानीयले यसअघिका सरकारलाई पनि निरन्तर ध्यानाकर्षण गराएका थिए ।

करिव चार बर्षअघि निर्माण गरिएको पुल हस्तान्तरण नहुँदै २०७९ साल पुस ७ गतेदेखि सञ्चालनमा ल्याइएको थियो ।

**साउदीमा रोजगार** कम्पनी : SAUDI ENVIRONMENTAL PRESERVATION COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८३/०३/०२ | LT. No. 343597 | चलानी नं. ६०२५६९२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Labor | 28 | 0 | 1000 | ४०,३२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ११ गते (25th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HALESI OVERSEAS PVT LTD
Sukedhara 04, Kathmandu (near by Oscar college), Nepal, Tel: 4489975, Mob: 9851057208, 9768935405, E-mail : halesioverseas074@gmail.com
Govt. License No. 1161/073/74

**साउदीमा रोजगार** कम्पनी : OMAR TAHER WALI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/०३ | LT. No. 343595 | चलानी नं. ६०२५६९२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Labor | 15 | 0 | 1000 | ४०,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ११ गते (25th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1149/073/074
दैलेख ओभरसिज प्रा.लि.
बसुन्धारा, चक्रपथ, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४३८०१२१, ४३६२७१२
ई-मेल : everestnepal.hr@gmail.com, everestnepalglobalrecruitment@gmail.com

**युएइ/बहराइनमा रोजगार** कम्पनी : AL FARAH CONTRACTING & GENERAL TRANSPORT

पूर्व स्वीकृति मिति : २०८३/०३/०२ | LT. No. 343567 | चलानी नं. ६०२५६९३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason/Brick Mason Assistant | 50 | 0 | 1200 | ४९,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NEW DEMINSION CONTRACTING CO. WLL.

पूर्व स्वीकृति मिति : २०८३/०३/०२ | LT. No. 343598 | चलानी नं. ६०२५६९५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 100 | 0 | 120 | ४८,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ११ गते (25th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gov.Lic.No.: 1101/073/074
KINETIC H.R.SOLUTION PVT.LTD. (Access Partners Nepal Pvt. Ltd.)
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

**मलेसियामा रोजगार** कम्पनी : GCH RETAIL SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/०३ | LT. No. 323063 | चलानी नं. ६०२३७०२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 1 | 0 | 1700 | ६३,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको शाखा कार्यालय, बिर्तामोड, झापामा मिति : २०८३ असार ११ गते (25th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYWAYS BUREAU SERVICES PVT.LTD.
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com
Govt. License No. 871/066/67

**साउदीमा रोजगार** कम्पनी : ABDULRAHMAN HAMAD ABDULRAHMAN MAADI TRANSPORTATION ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०३/०३ | LT. No. 343619 | चलानी नं. ६०२५६९४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 12 | 0 | 1800 | ७२,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULRAHMAN HAMAD ABDULRAHMAN MAADI TRANSPORTATION ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०३/०३ | LT. No. 343618 | चलानी नं. ६०२५६९४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Work Shop Helper | 1 | 0 | 1000 | ४०,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ११ गते (25th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Gulshan Kumar Yadav : 9820137108
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

**साउदीमा रोजगार** कम्पनी : COMPANY NAS LEMON CATERING FOR ONE PERSON

पूर्व स्वीकृति मिति : २०८३/०३/०३ | LT. No. 341517 | चलानी नं. ६०२५४८५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 3 | 0 | 1500 | ६०,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ११ गते (25th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: 01-5929372
9801018169 Khem nath Gautam, Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np
श्रम ईजाजत नं. ४१५/०६०/६१

**मलेसियामा रोजगार** कम्पनी : SOON LOK SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343551 | चलानी नं. ६०२५६९१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 15 | 0 | 1700 | ६३,२१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SINAMIK ENGINEERING SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343559 | चलानी नं. ६०२५६९१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 3 | 0 | 1700 | ६३,२१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ११ गते (25th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1573/079/080
SHREESHA INTERNATIONAL PVT.LTD.
Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700
Email: info@shreeshainternational.com, www.shreeshainternational.com
For Location

**ओमनमा रोजगार** कम्पनी : Omn International Group Saoc

पूर्व स्वीकृति मिति : २०८३/०३/०३ | LT. No. 343615 | चलानी नं. ६०२५६९५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER / PUBLIC BUILDING | 0 | 50 | 120 | ४७,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ११ गते (25th Jun. 2026) मा हुनेछ ।

कम्पनी : Alrafaa Trading And Contracting Llc

पूर्व स्वीकृति मिति : २०८३/०३/०३ | LT. No. 343670 | चलानी नं. ६०२५६९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Builder | 25 | 0 | 120 | ४७,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Plumber (Pipe Fitter) | 25 | 0 | 120 | ४७,२२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: - काठमाडौं, ग्लोबल ट्रेनिङ इन्स्टिच्यूटमा मिति: २०८३ असार १४ गते (28 June 2026) मा हुनेछ ।
- धनुषा, जनकपुर, PR ट्रेनिङ सेन्टर र जनकपुर ट्रेनिङ सेन्टरमा मिति: २०८३ असार १२ गते (26 June 2026) मा हुनेछ ।
- सिराहा, मिर्चैया, मिर्चैया टेक्निकल र ट्रेनिङ सेन्टर /PR ट्रेनिङ सेन्टरमा मिति: २०८३ असार १३ गते (27 June 2026) मा हुनेछ ।
- बाँके, नेपालगञ्ज, Gajraj ट्रेनिङ सेन्टरमा मिति: २०८३ असार १५ गते (29 June 2026) मा हुनेछ ।त

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1543/078/079
Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.No. Bina Gurung 9813850986
Neelam Ghimire 9814269669, E-mail : info@indexrecruitment.com.np, www. www.indexrecruitment.com.np




## सकियो 'क्याप्टेन साब'को छायांकन

चलचित्र 'क्याप्टेन साब'को छायांकन सकिएको छ। चलचित्रको बुधबार सुटिङ इन्डक्ल्याप गरिएको हो। चलचित्रको छायांकन काभ्रे, काठमाडौँ र वीरगञ्जमा गरिएको हो। दीपेन्द्र के खनालको निर्देशन रहेको चलचित्र कृष्णबहादुर थापाले खिचेका छन्। चलचित्र 'क्याप्टेन साब' क्याप्टेन रामेश्वर थापाको बायोपिक हो। पाइलटसमेत रहेका रामेश्वर व्यवसायी तथा सञ्चार उद्यमी हुन्। पटकथा प्रडक्सन, यार्सा स्टुडियो र रिच इन्टरटेन्मेन्टको प्रस्तुति रहेको चलचित्रमा र खगेन्द्र लामिछाने, सुरक्षा पन्त र सन्जोग रसाइली मुख्य भूमिका छ। दीपेन्द्रले यसअघि 'धनपति'मा खगेन्द्र र सुरक्षालाई मुख्य भूमिकामा लिएका थिए। त्यसयता एउटै चलचित्रमा यी तीन जनाको यो दोस्रो पटक सहकार्य हो। दीपेन्द्र र खगेन्द्रले भने सँगै काम गर्दै आएका छन्।






# सांगीतिक क्षेत्रमा जमेकी बेनिशा

■ प्रभाव संवाददाता

**काठमाडौं –** छोटो समयमै सफलता हात पार्न सफल गायिकामा अग्रपंक्तिमा आउने नाम हो बेनिशा पौडेल। झापामा जन्मिएकी बेनिसा ६ वर्षदेखि नै स्कुल स्तरीय प्रतियोगितामा भाग लिएर 'हुने बिरुवाको चिल्लो पात' भनेझैं सांगीतिक दुनियामा प्रवेश गरेकी थिइन्।

झापाबाट स्कुलेशिक्षा हासिल गरेपछि जीवनको प्रमुख लक्ष्यसहित राजधानी छिरेकी बेनिशा यतिबेला राजधानीको आर.आर. अर्थात नेपाल मानविकी कलेजमा संगीत विषयमा स्नातक गरिरहेकी छिन्। त्यसबाहेक कैयौं अनौपचारिक कक्षाबाट सांगीतिक क्षेत्रका तालिम प्राप्त गरेकी बेनिशा कुशल पियानोबादक पनि हुन्। उनले पियानोबाहेक गीतार, हार्मोनियमलगायतका बाजाहरू पनि बजाउने गर्छिन्।

सांगीतिक कार्यक्रमका दौरान अस्ट्रेलिया, जापान, युरोप, बेलायतलगायतका कैयौं मुलुक भ्रमण गरिसकेकी बेनिशा विभिन्न पुरस्कारहरूबाट सम्मानित समेत भएकी छिन्। पछिल्लो समय सगरमाथा अवार्डबाट सम्मानित भएकी बेनिसाले कान्तिपुर नेशनल अवार्ड, डि सिने अवार्ड, म्युजिक खबर अवार्डलगायतका विभिन्न अवार्डहरू पनि हात पारेकी छिन्। उनको स्वरमा रहेका गीत 'पर्दैन पर्दैन मलाई फकाउन', 'आँखैमा लगाउने', 'तिम्रो माया', 'सम्बन्ध', 'मन्द मन्द', 'हाम्रो यो माया', 'पटुकी बेरेको', 'जहाँ हुन्छु', 'नयाँ जीवन', 'दिउँला माया', 'कबाट कछुवा', 'सियोमा धागो', 'मन बुढो भएन', 'यस्तो माया', 'नजरमा नजर', 'फूल बुट्टे चोली' लगायतका गीत चर्चित छन्।

दुई सयको हाराहारीमा गीत गाइसकेकी बेनिशाले केही चलचित्रका गीतमा पनि स्वर दिएकी छिन्। उनले चलचित्र 'चुरीफुरी', 'नाइँ न भन्नु ल', 'प्रेमगञ्ज' लगायतका चलचित्रका गीतमा आफ्नो स्वर दिएकी छिन्।

सानोमा अरुणा लामा, तारादेवीका गीत गाउने बेनिशालाई सबै प्रकारका गीत गाउन मन पर्छ। उनको स्वरमा आधुनिकसँगै राष्ट्रिय, लोक, लोकआधुनिक पप, भजन श्रोता/दर्शकमाझ आएका छन्।

१५ वर्षको हुँदा सुरशाला आइडल जुनियरमा भाग लिएकी उनले नेपाल आइडल-४ को टप सेभेनसम्म आफ्नो स्थान सुरक्षित गरेकी थिइन्। आफ्ना लागि गीत-संगीत भनेको साधना हो भन्ने बेनिशाका बिहे भाको छैन म, हाम्रो यो माया कहिल्यै नछुटोस्, पटुकि बेरेको, नजरमा नजर मिलाई, पर्दैन पर्दैनलगायतका धेरै गीत लोकप्रिय बनेका छन्।

हरेक प्रकारका गीतहरू गाउन खप्पिस बेनिसा आफूलाई भने आधुनिक गीत गाउँदा बढी सुट गरेको अनुभूति हुने बताउँछिन्।

उनले स्वर दिएका अधिकांश गीतहरू दर्शक स्रोताहरूले मन पराएको हुनाले उनलाई कतिपयले भाग्यमानी गायीकाको रूपमा पनि लिने गर्दछन्। आफूले कुनै पनि गीतका शब्दका साथै भावलाई आफूमा निहित गराएर गाउने हुनाले सिर्जना उत्कृष्ट बन्ने गरेको बेनिशा बताउँछिन्। गायकले कुनै पनि सर्जकले तयार गरेको सिर्जनालाई जीवन्त बनाउनका लागि जतिसक्दो धेरै मिहिनेत गर्नुपर्ने उनी बताउँछिन्।



## राष्ट्रिय दोहोरी गीत प्रतियोगिता आयोजना

**काठमाडौं (प्रस)–** सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर)ले आफ्नो इतिहासमै पहिलो पटक राष्ट्रियस्तरको लोक तथा दोहोरी गीत प्रतियोगिता 'राष्ट्रिय दोहोरी गीत प्रतियोगिता २०८३' आयोजना गरेको छ। संस्थानले आफ्नो ५४औं वार्षिकोत्सवको अवसर पारेर यो बुधबारबाट प्रतियोगिता सुरुवात गरेको हो। बुधबार आयोजित एक विशेष समारोहबिच विशिष्ट लोकगायक नारायण रायमाझीले प्रतियोगिताको औपचारिक सुरुवात गरे।

कार्यक्रममा लोकगायक नारायण रायमाझीले सांस्कृतिक संस्थानमा आफू विगतमा रेडियो नेपालबाट काजको रूपमा काम गरेको स्मरण गर्दै संस्थानले नीति तथा कार्यक्रममा राखेर दोहोरी कार्यक्रम गरेको यो पहिलो भएको धारणा राख्दै निरन्तरताको कामना गरे। रायमाझी 'दोहोरी खेल सभ्य हुनुपर्छ,' रायमाझीले भने।

'नेपालको गौरवशाली लोक संस्कृति तथा लोक कलाको संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरण' मूल नाराका साथ सुरु भएको प्रतियोगिताले नेपाली लोक संगीतको क्षेत्रमा नयाँ जागरण ल्याउने आयोजकले विश्वास लिएको छ। संस्थानले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत रहेर देशैभरिका प्रतिभाहरूलाई एउटै मञ्चमा समेट्ने उद्देश्यका साथ कार्यक्रम आयोजना गरेको हो।






# फ्रान्स, नर्वे, अर्जेन्टिना र अस्ट्रिया विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्वकपका पछिल्ला खेलमा फ्रान्स, नर्वे, अर्जेन्टिना र अस्ट्रिया विजयी भएका छन्।

कप्तान लियोनल मेसीको ह्याट्रिकमा अर्जेन्टिनाले अल्जेरियालाई पराजित गर्दै फिफा विश्वकप- २०२६ को आफ्नो पहिलो खेलमा सुखद सुरुआत गरेको छ। अमेरिकाको कान्सास सिटी रंगशालामा बुधबार बिहान सम्पन्न खेलमा अर्जेन्टिनाले अल्जेरियालाई ३-० गोलअन्तरले पराजित गर्दै जित हासिल गरेको हो।

साविक विजेता अर्जेन्टिनाका लागि कप्तान मेसीले यस सिजनको पहिलो ह्याट्रिक पूरा गरेका हुन्। यस सिजनको यसअघिका खेलहरूमा कुनै पनि खेलाडीले ह्याट्रिक पूरा गर्न सकेका छैनन्।

मेसीले खेलको पहिलो हाफको १७औं मिनेटमा अर्जेन्टिनाका लागि पहिलो गोल गरे। त्यस्तै खेलको ६०औं मिनेटमा दोस्रो तथा खेलको ७६औं मिनेटमा ह्याट्रिक पूरा गरे। जितसँगै समूह 'जे'मा रहेको अर्जेन्टिनाले तीन अंक जोड्दै शीर्षस्थानमा उक्लिएको छ।

त्यस्तै फिफा विश्वकप फुटबल प्रतियोगिताअन्तर्गत सम्पन्न समूह 'आई'को खेलमा फ्रान्सले सेनेगलाई ३-१ गोल अन्तरले पराजित गरेको छ।

अमेरिकाको न्यूयोर्कस्थित न्यू जर्सी रंगशालामा भएको खेल पहिलो हाफ बराबरीमा टुंगिए पनि दोस्रो हाफमा भने दुवैतर्फबाट कूल चार गोल भए।

खेलको ६६औं मिनेटमा फ्रान्सका लागि किलियन एम्बाप्पेले गोल गर्दै टोलीलाई अग्रता दिलाए भने खेलको ८२औं मिनेटमा ब्राड्ली बारकोलाले गोल गर्दै फ्रान्सको अग्रता दोब्बर बनाए।

दोस्रो हाफको अतिरिक्त समयमा सेनेगलका लागि सान्त्वना गोल इब्राहिम एम्बायेले गर्दै खेललाई २-१ को अवस्थामा ल्याए। यद्यपि त्यसको अर्को मिनेटमा फ्रान्सका लागि एम्बाप्पेले व्यक्तिगत दोस्रो गोल गर्दै खेल ३-१ मा पुऱ्याए।

त्यस्तै स्टार स्ट्राइकर एर्लिङ हालान्डले विश्वकप डेब्यु खेलमा नर्वेले इराकलाई पराजित गरेको छ। बोस्टन स्टेडियममा मंगलबार भएको फिफा विश्वकपको समूह 'आई' को खेलमा म्यानचेस्टर सिटीका स्ट्राइकर हालान्डले आफ्नो देशका लागि पहिलो पटक यस मञ्चमा प्रतिनिधित्व गरेका हुन्। उनको २ गोलको सहयोगमा नर्वेले ४-१ को जित हासिल गरेको हो।

खेलको सुरुवातमा इराकले राम्रो प्रतिस्पर्धा गरेको थियो। खेलको २९ औं मिनेटमा नर्वेले अग्रता लियो। इराकका लागि ३९औं मिनेटमा अयमेन हुसेनले बराबरी गोल फर्काए।

इराकले बराबरी गरेको ४ मिनेटमै नर्वेले फेरि अग्रता लियो। ४३औं मिनेटमा हालान्डले टोलीका लागि व्यक्तिगत दोस्रो गोल गरे। नर्वेले ७६औं मिनेटमा अग्रता बढायो। टोलीका लागि लियो ओस्टिगार्डले गोल गरे। इन्जुरी समयको छैटौं मिनेटमा अयमेन हुसेनले आत्मघाती गोल गरेपछि नर्वेले ४-१ को जित निकाल्यो। २८ वर्ष पछि विश्वकपमा फर्किएको नर्वेले सुखद सुरुआत गरेको हो।

त्यस्तै अर्को खेलमा युरोपियन राष्ट्र अस्ट्रियाले फिफा विश्वकप २०२६ मा विजयी सुरुआत गरेको छ। बुधबार बिहान समूह 'जे'को खेलमा अस्ट्रियाले विश्वकपको मेडन अनुभव लिइरहेको जोडर्नलाई ३-१ ले हरायो।

क्यालिफोर्नियास्थित सान फ्रान्सिस्को बे एरिया रंगशालामा अस्ट्रियाका लागि रोमानो स्मिड र मार्को अर्नाउटोभिकले गोल गरे। एक गोल अस्ट्रियाले आत्मघाती उपहारस्वरूप प्राप्त गर्यो। जोर्डनका लागि ५०औं मिनेटमा अली ल्याद ओल्वानले बराबरी गोल फर्काएका थिए। अस्ट्रियाले अब दोस्रो खेलमा जुन २२ सोमबार अर्जेन्टिनासँग खेल्नेछ।

**पौडी खेलाडी छनोट विवाद**

# पूर्वसूचना अनुसार खेलाडी छनोट गर्न इर्भिनको माग

**काठमाडौं (प्रस)–** पौडीको एशियाली खेलकूदको छनोटमा धाँधली भएको भन्दै नेपालका नम्बर एक पौडीवाज इर्भिन श्रेष्ठ सहित तीन जना राष्ट्रिय खेलाडीहरूले नियमानुसार निर्णायक छनोट गराउन माग गरेका छन्। उनीहरूले पूर्व सूचना अनुसारको प्रिक्वालिफिकेशनलाई रातारात क्वालिफिकेशनमा परिणत गर्ने कार्य गैरकानूनी र खेल नियम विपरित भन्दै तत्काल सच्याउन माग समेत गरे।

मंगलबार राजधानीमा पत्रकार सम्मेलनमा पौडीवाज इर्भिन श्रेष्ठले प्रिक्वालिफिकेशन भनिएको खेललाई आधाभन्दा बढी खेल समाप्त भइसकेपछि विना छाप र हस्ताक्षरको सूचना प्रकाशित गरी क्वालिफिकेशनमा बदल्नुमा ठूलो षड्यन्त्र भएको बताए।

उनले प्रिक्वालिफिकेशनको हिट्समा पनि आधुनिक प्रविधिको प्रयोग गरी समय नलिई हाते घडीको प्रयोग गरिएकोबारे छानबिनको माग गरे। उनले भने, 'खेल नियम अनुसार खेलाउने दायित्व पौडी संघले पूरा गरोस्।'

नेपाल पौडी संघले २०८३ साल जेठ २३ र २४ गते तेस्रो नेपाल एक्वाटिक च्याम्पियनशिपको आयोजनालाई प्रिक्वालिफिकेशन भनी सूचना प्रकाशित गरेकोमा खेलाडी छनोट ढिलो भएको बहानामा चलखेल गरिएको प्रमाणसहित सर्वोच्च अदालत पुगेको समेत बताए। उनले भने, हामीलाई आशा छ कि सम्मानित सर्वोच्च अदालतले न्याय दिनेछ।

श्रेष्ठले खेलाडीको मनोबल गिराउने, धाँधली गरी खेलाडी विदेशमा खेल्न पठाउने जस्ता अनियमित गतिविधिका विरुद्ध पनि आफूहरूले बोलेको र अदालतमा न्यायका लागि पुगेको स्पष्ट पारे। उनले भने, "भविष्यमा कुनैपनि खेलाडीले अन्याय भोग्न नपरोस्।" आफूले खेलमा धाँधली भई विचलित भएका खेलाडी विदेशिने र खेल्न छाड्ने घटना सुनेको भन्दै भविष्यमा त्यस्तो हुन नदिन सबैले न्यायका लागि आवाज उठाउनुपर्ने बताए।

पौडीमा डोपिङ टेष्ट गर्नुपर्ने नियम समेत पालना नभएको बताए। खेल चलिरहँदा प्रिक्वालिफिकेशनलाई क्वालिफिकेशनमा बदलेर मनोबल गिराउन खोजिएको उनको भनाई थियो। घरी घरी खेलको स्पर्धा नै तलमाथि गर्ने देखि खेलको पूर्वतालिका ढिला गरी सार्वजनिक गर्नु लापरवाही भएको बताए।

नेपाल एक्वाटिक च्याम्पियनशिपको पहिलो दिनको हिट्समा टच बोर्ड नराखिएको र घडीबाट समय लिइएकोमा गम्भीर प्रश्न गरे। अन्तर्राष्ट्रिय खेलमा खेलाडी पठाउन आधुनिक प्रविधि र नियमको पालना नगर्नुले प्रश्न उठाएको उनको भनाई थियो।

असारको तेस्रो साता पौडी खेलाडीको अन्तिम छनोट अर्थात् क्वालिफिकेशन गर्ने भनी महिना दिनअघि सूचना टाँसिएको तर ढिलो भयो भनी क्वालिफिकेशनलाई नै क्वालिफिकेशनमा बदल्नुको औचित्य पुष्टि गर्न चुनौती दिए। उनले भने, '२०औं एशियाली खेलकूद आयोजक जापानले असारको १७ गतेसम्म खेलाडीको नाम पठाउने समय दिएको छ, ढिलो भइसकेको छैन।' उनले पौडी संघलाई आफ्नो गल्ती कमजोरी सच्याउने अवसर भएको बताउँदै समयमै अन्तिम छनोट प्रतिष्पर्धा गर्न आग्रह गरे।

पौडीकी राष्ट्रिय खेलाडी मेधावी केसीले अन्याय गर्नेभन्दा सहने झन् ठूलो पाप भएको बताउँदै आफूहरू न्यायका लागि वैधानिक तरिकाले अगाडि बढेको बताए। भविष्यमा कुनैपनि खेलाडीले खेल क्षमताका आधारमा खेल्नबाट वञ्चित नहोउन् भनेर आवाज उठाएको बताइन्।

# अन्तर्राष्ट्रिय ओलम्पिक दिवसमा पोखरामा विविध कार्यक्रम

■ प्रभाव संवाददाता

**गण्डकी –** यही असार ९ (जुन २३) मा पर्ने अन्तरराष्ट्रिय ओलम्पिक दिवस पोखरामा विविध कार्यक्रम गरी मनाउन सुरु गरिएको छ। नेशनल ओलम्पिक एकेडेमी नेपाल, प्रदेश खेलकुद परिषद्, नेपाल भूतपूर्व खेलाडी मञ्चलगायत खेलसम्बद्ध संघसंस्थाको सहकार्यमा दिवस मनाउन लागिएको हो।

साताव्यापी कार्यक्रमअन्तर्गत मंगलबार प्रदेश खेलकुद परिषद्का पदाधिकारी, सदस्य र प्रदेशस्तरीय खेल संघका पदाधिकारीलाई ध्यान अभ्याससहित ओलम्पिकको इतिहास र ओलिम्पक अभियानबारे अभिमुखीकरण गरिएको एकेडेमीका अध्यक्ष तेजबहादुर गुरुङले बताए। उनले ओलम्मिक शिक्षा विश्वव्यापी रूपमा प्रसार भइरहेको सन्दर्भमा यसको इतिहास र महत्व बुझाउन अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको बताए।

ओलम्पिकलाई कुनै पदक र मनोरञ्जनका लागि मात्र नभएर व्यक्ति र समाज रूपान्तरणको माध्यमका रूपमा लिनुपर्ने उहाँको भनाइ छ। बिहीबार जिल्ला खेलकुद विकास समिति, कास्कीका पदाधिकारी र सम्बन्धित खेल संघका पदाधिकारीहरूलाई सोही विषयमा अभिमुखीकरण प्रदान गरिने अध्यक्ष गुरुङले जानकारी दिए।

आगामी शनिबार पोखरा महानगरपालिका-१ सँगको सहकार्य तथा नेपाल भूतपूर्व खेलाडी मञ्चको आयोजनामा पाँच किलोमिटर सडक दौड प्रतियोगिताको आयोजना गरिएको छ। असार ७ गते आइतबार ओलम्पिककै विषयमा विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरिँदैछ।

नेपाली सेनाको पश्चिम पृतना हेडक्वार्टरमा सोमबार खेल प्रशिक्षक र खेलाडीलाई ओलम्पिक अभियानका विषयमा अभिमुखीकरण गरिने एकेडेमीले जनाएको छ। सोही दिन पोखरा महानगरपालिकाको खेलकुद विकास समितिका पदाधिकारीसहितको सहभागितामा उक्त कार्यक्रम सञ्चालन हुनेछ।

दिवसको अवसर पारेर ओलम्पिकको इतिहास, उत्पत्ति, विकासक्रम तथा अन्तरराष्ट्रिय एकताको प्रतीकका रूपमा यसको महत्वबारे प्रशिक्षित गरिएको अध्यक्ष गुरुङले बताए। उनका अनुसार विश्वभरका २०६ राष्ट्रिय ओलम्पिक समितिहरूले विभिन्न खेल गतिविधिमार्फत दिवस मनाइरहेका छन्। सोही क्रममा नेपालमा पनि साताव्यापी रूपमा विविध कार्यक्रम आयोजना भइरहेको उनले बताए।



माउण्ट चोमोलोङमा (सगरमाथा)को आठ हजार ८३० मिटर उचाइमा स्वचालित मौसम स्टेसन स्थापना गर्दै चिनिया अनुसन्धानकर्ता ।

*तस्विरः सिन्हवा*

# शान्तिका लागि भूमिका खेल्न ट्रम्पसँग दक्षिण कोरियाको आग्रह

**सियोल–** दक्षिण कोरियाका राष्ट्रपति ली जे-म्युङले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई उत्तर कोरियासँगको तनाव कम गर्दै कोरियाली प्रायद्वीपमा शान्ति स्थापना गर्न सक्रिय भूमिका खेल्न आग्रह गरेका छन् । इरानसँगको युद्ध अन्त्यका लागि अमेरिका र इरानबीच सहमति बनेको पृष्ठभूमिमा सियोलले अब वासिङ्टनको ध्यान उत्तर कोरियातर्फ मोडिने अपेक्षा गरेको देखिएको छ ।

दक्षिण कोरियाको राष्ट्रपति कार्यालयले बुधबार जारी गरेको विज्ञप्तिअनुसार फ्रान्समा सम्पन्न जी-७ शिखर सम्मेलनका क्रममा ट्रम्प र लीबीच उत्तर कोरियाको विषयमा विस्तृत छलफल भएको थियो । वार्ताका क्रममा ट्रम्पले अन्तर-कोरियाली सम्बन्धको पछिल्लो अवस्थाबारे चासो व्यक्त गरेका थिए ।

त्यस क्रममा राष्ट्रपति लीले मध्यपूर्वमा द्वन्द्व समाधानका लागि ट्रम्पले खेलेको भूमिकालाई उल्लेख गर्दै उत्तर कोरियाली मुद्दाको शान्तिपूर्ण समाधानका लागि पनि नेतृत्व लिन आग्रह गरेका थिए । राष्ट्रपति कार्यालयका अनुसार ट्रम्पले उत्तर कोरियासम्बन्धी समस्याको समाधानका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

अमेरिका र इरानले शुक्रबार औपचारिक समझदारीपत्रमा हस्ताक्षर गर्ने तयारी गरिरहेका बेला ट्रम्प प्रशासनले अब आफ्नो कूटनीतिक ध्यान उत्तर कोरियातर्फ केन्द्रित गर्न सक्ने अनुमान बढेको छ ।

यसैबीच ट्रम्पले सन् २०१८ मा सिंगापुरमा उत्तर कोरियाली नेता किम जोङ-उनसँग भएको ऐतिहासिक शिखर वार्ताको तस्बिर



सामाजिक सञ्जालमा पुनः सार्वजनिक गरेपछि वासिङ्टन-प्योङयाङ संवाद पुनर्जीवित हुन सक्ने अड्कलबाजीलाई थप बल पुगेको छ ।

राष्ट्रपति लीले आफ्ना पूर्ववर्ती युन सुक येओलको तुलनामा उत्तर कोरियाप्रति अपेक्षाकृत नरम र संवादमुखी नीति अपनाएका छन् । तर प्योङयाङले सियोललाई औपचारिकरूपमा आफ्नो 'सबैभन्दा शत्रुतापूर्ण शत्रु'को संज्ञा दिँदै आएको छ र आफूलाई 'अपरिवर्तनीय आणविक राष्ट्र' घोषणा गर्दै वार्ताप्रति चासो देखाएको छैन ।

विशेषज्ञहरूले पनि निकट भविष्यमा किम जोङ-उन र ट्रम्पबीच प्रत्यक्ष भेटवार्ता हुने सम्भावना कम रहेको बताएका छन् । सियोलस्थित युनिभर्सिटी अफ नर्थ कोरियन स्टडीजका पूर्वअध्यक्ष याङ मु-जिनका अनुसार उत्तर कोरियाको दृष्टिकोणबाट हेर्दा अहिले अमेरिकासँग वार्ता गर्ने स्पष्ट कारण देखिँदैन ।

विश्लेषकहरूका अनुसार पछिल्ला वर्षहरूमा उत्तर कोरियाले आफ्नो कूटनीतिक दायरा फराकिलो बनाउने प्रयास गरेको छ । प्योङयाङले युक्रेन युद्धमा रुसलाई सैनिक तथा हतियार सहयोग उपलब्ध गराएको आरोप खेपिरहेको छ, जसले मस्कोसँगको सम्बन्धलाई थप बलियो बनाएको छ । हालै किम जोङ-उनले प्योङयाङमा चिनियाँ राष्ट्रपति सी चिनफिङलाई स्वागत गरेका थिए । त्यो भेटअघि सी चिनफिङले बेइजिङमा ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग छुट्टाछुट्टै शिखर वार्ता गरेका थिए ।

विशेषज्ञहरूका अनुसार प्योङयाङ र बेइजिङले जारी गरेका आधिकारिक वक्तव्यमा उत्तर कोरियाले आफ्नो आणविक हतियार कार्यक्रम त्याग्नुपर्ने विषयको कुनै उल्लेख नगर्नुले चीनले उत्तर कोरियाको आणविक हैसियतप्रति मौन समर्थन जनाएको संकेत गर्न सक्छ । *रासस/एएफपी*

# अमेरिका–इरान वार्ताअघि तेल निर्यात सुरु

**तेहरान–** अमेरिका र इरानबीच शान्ति सम्झौताका अन्तिम वार्ता सुरु हुन दुई दिन बाँकी रहँदा इरानी तेल ट्याांकरहरू अमेरिकी नाकाबन्दी क्षेत्रबाट बाहिर निस्कन थालेका छन् । यसलाई दुई महिनापछि इरानको पहिलो कच्चा तेल निर्यातका रूपमा हेरिएको छ र मध्यपूर्वमा तनाव कम हुने अपेक्षा बढेसँगै विश्व तेल बजारमा पनि यसको प्रभाव परेको छ ।



हर्मुज जलघाँटी पुनः सञ्चालनमा आएको संकेत पाएसँगै अन्तर्राष्ट्रिय तेल मूल्य घटेको छ । यहीबीच शुक्रबार स्विट्जरल्याण्डको बर्गेनस्टक पर्वतीय रिसोर्टमा अमेरिका र इरानबीच अन्तिम सम्झौतासम्बन्धी वार्ता सुरु हुने तयारी भइरहेको छ । वार्तामा इरानको आणविक कार्यक्रम र अन्तर्राष्ट्रिय प्रतिबन्ध हटाउने विषय मुख्य एजेण्डाका रूपमा रहने बताइएको छ ।

तेल ढुवानी अनुगमन गर्ने 'ट्याांकरट्र्याकर' वेबसाइटले स्याटेलाइट तस्बिर र डिजिटल ट्र्याकिङ तथ्यांकका आधारमा कम्तीमा दुई इरानी सुपरट्याांकर अमेरिकी नौसैनिक नाकाबन्दी क्षेत्रबाट बाहिरिएको जनाएको छ । 'डिओना' र 'हिरो-२' नामका ती ट्याांकरमा संयुक्तरूपमा करिब ३८ लाख ब्यारेल इरानी कच्चा तेल रहेको बताइएको छ । पछि तेस्रो ट्याांकर पनि बाहिरिएको जानकारी सार्वजनिक गरिएको थियो ।

अधिकारीहरूका अनुसार प्रारम्भिक सहमतिपछि सुरु हुने ६० दिने वार्ताले इरानको आणविक कार्यक्रमको भविष्य र आर्थिक प्रतिबन्ध हटाउने प्रक्रियाबारे अन्तिम निर्णय गर्ने छ । अमेरिकी पत्रिका वाल स्ट्रिट जर्नलले सम्झौतासँग परिचित स्रोतहरूलाई उद्धृत गर्दै युद्ध अन्त्यसम्बन्धी सहमतिअन्तर्गत अमेरिकाले इरानलाई तत्काल तेल तथा इन्धन बिक्री गर्न अनुमति दिने जनाएको छ । प्रतिबन्ध खुकुलो पार्ने व्यवस्थामा बैंकिङ, यातायात र बिमा सेवा पनि समेटिने बताइएको छ ।

यद्यपि अमेरिकाभित्रै सम्झौताप्रति मिश्रित प्रतिक्रिया देखिएको छ । केही रिपब्लिकन सांसदहरूले ट्रम्प प्रशासनसँग सम्झौताको पूर्णपाठ र विस्तृत जानकारी माग गरेका छन् । सिनेटका बहुमत नेता जोन थुनले सम्झौताको वास्तविक स्वरूप बुझ्न आवश्यक रहेको बताए । शान्ति प्रक्रियामाथि क्षेत्रीय तनाव अझै कायमै छ । इजरायली सेनाले दक्षिण लेबनानमा आफ्ना कारबाही जारी रहेको जनाएको छ भने रकेट प्रहार रोकिएको र प्रक्षेपण स्थलमाथि हवाई आक्रमण गरिएको दाबी गरेको छ ।

लेबनानको सरकारी समाचार संस्थाका अनुसार मेफादुन र सुकिन क्षेत्रमा भएका आक्रमणमा कम्तीमा चार जनाको मृत्यु भएको छ । त्यसपछि इरानको केन्द्रीय सैन्य कमाण्डले इजरायललाई 'कठोर प्रतिक्रिया'को चेतावनी दिएको छ । एक वरिष्ठ अमेरिकी अधिकारीका अनुसार राष्ट्रपति डोनाल्ड ट्रम्प, उपराष्ट्रपति जेडी भान्स, इरानका उपविदेशमन्त्री माजिद तख्त-राभाञ्ची र शीर्ष वार्ताकार मोहम्मद बाघेर घालीबाफले प्रारम्भिक ढाँचा सम्झौतामा विद्युतीय हस्ताक्षर गरिसकेका छन् ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले शुक्रबारदेखि इरान र अमेरिकाबीच नयाँ चरणको वार्ता सुरु हुने जानकारी दिँदै अन्तिम सम्झौतामा आणविक मुद्दा र प्रतिबन्ध हटाउने विषयमा निर्णय हुने बताए । हर्मुज पुनः खुल्ने अपेक्षाले विश्वबजारमा तेलको मूल्य घटेको छ । अन्तर्राष्ट्रिय मापदण्ड ब्रेन्ट कच्चा तेलको मूल्यप्रति ब्यारेल ७८.७४ डलरमा झरेको छ भने अमेरिकी वेस्ट टेक्सास इन्टरमिडियट ७५.८५ डलर प्रतिब्यारेलमा कारोबार भएको छ ।

पाकिस्तान र कतारको मध्यस्थतामा भएको अप्रत्यक्ष वार्ताले अन्तरिम सहमतिसम्म पुग्न मद्दत गरेको भए पनि इरानको युरेनियम संवर्द्धन कार्यक्रम र पश्चिमी प्रतिबन्धजस्ता जटिल विषय अझै समाधान हुन बाँकी छन् । अमेरिका र इजरायलले इरानलाई उच्च संवर्द्धित युरेनियम भण्डार त्याग्न दबाब दिइरहेका छन् भने इरानले आफ्नो संवर्द्धन अधिकार कायम राख्ने अडान दोहोर्‍याएको छ ।

यसैबीच, ट्रम्पले सम्झौताको पाठ चाँडै सार्वजनिक गर्न सकिने संकेत दिएका छन् । इरानको रूढिवादी पत्रिका भातान-ए इमरोजले उक्त सम्झौतालाई 'ट्रम्पको आत्मसमर्पण दस्तावेज' भनेर वर्णन गरेको छ । अराघचीले विगतका अनुभव स्मरण गराउँदै सतर्कता आवश्यक रहेको बताएका छन् । उनका अनुसार इरानले विगतमा पटक-पटक सम्झौता उल्लंघन र प्रतिबद्धता तोडिएको अनुभव भोगिसकेको छ ।

उपराष्ट्रपति भान्सले अमेरिकी करदाताको रकम इरानमा नजाने स्पष्ट पार्दै आणविक निरीक्षकहरूलाई इरान प्रवेशको अनुमति दिइने बताएका छन् । यद्यपि इरानी सञ्चारमाध्यमले १२ अर्ब डलरबराबरको रोक्का सम्पत्ति फुकुवा हुन सक्ने दाबी गरेका छन् । विश्लेषकहरूले भने इजरायल र इरान समर्थित हिजबुल्लाहबीचको समानान्तर द्वन्द्व नै कूटनीतिक प्रयासका लागि सबैभन्दा ठूलो चुनौती बनेको बताएका छन् । मार्चमा हिजबुल्लाहले इजरायलमाथि रकेट आक्रमण गरेपछि लेबनान युद्धमा तानिएको थियो, जसले क्षेत्रीय तनावलाई अझ गहिरो बनाएको छ । *रासस/एएफपी*

# विश्व एआई सम्मेलन २०२६ चीनमा हुने

**बेइजिङ–** चीनको सांघाईमा आगामी जुलाईमा विश्व कृत्रिम वौद्धिकता (एआई) सम्मेलन २०२६ तथा विश्व व्यापी (ग्लोबल एआई गभर्नेन्स ) मा उच्चस्तरीय बैठक आयोजना गर्ने तयारी गरिरहेको चिनियाँ अधिकारीले बुधबार बताएका छन् ।

चीनले यस सम्मेलनलाई सबै पक्षहरूसँग एआईसम्बन्धी अन्तर्राष्ट्रिय सहयोगलाई अझ सुदृढ पार्ने अवसरको रूपमा लिन उत्सुक रहेको राष्ट्रिय विकास र सुधार आयोगका उपप्रमुख झोउ हाइबिङले पत्रकार सम्मेलनमा बताएका छन् ।

एआईले मानवको भविष्यमा ठूलो असर पार्ने बताउँदै यो सबै देशहरूले सामना गर्ने साझा सवाल भएको झोउले बताएका छन् । चीनले बहुपक्षवाद र खुलापन र समावेशीकरणको सिद्धान्तलाई समर्थन गर्दै एआईको युगमा विश्वव्यापी विकासमा आधुनिक चिनियाँ समाधानहरूसहित उल्लेख्य योगदान पुर्‍याएको जनाइएको छ । उनले चीनले विकास तथा सुरक्षा प्रयासहरू समन्वय गर्ने र बहुपक्षवादलाई सक्रियरूपमा अभ्यास गर्ने छ, र जनकेन्द्रित एआई पनि विकास गर्ने सिद्धान्तलाई समर्थन गर्ने जनाइएको छ । *रासस/सिन्ह्वा*

# डिपसिकको मूल्यांकन ५० अर्ब डलर नाघ्यो

**बेइजिङ–** चिनियाँ आर्टिफिसियल इन्टेलिजेन्स स्टार्टअप डिपसिकले पहिलो कोष संकलन चरणमै ५० अर्ब अमेरिकी डलरभन्दा बढी मूल्यांकन प्राप्त गरेको छ र यसले विश्व एआई बजारमा कम्पनीको तीव्र उदयलाई थप बल दिएको छ ।

लगानीकर्ताहरूले हालै सम्पन्न फण्डिङ राउण्डमा कम्पनीलाई उक्त मूल्यांकन दिएका हुन् । यससँगै डिपसिक एआई क्षेत्रमा तीव्र गतिमा उदीयमान नयाँ शक्तिका रूपमा स्थापित भएको देखिएको छ । कम्पनीले यसअघि सन् २०२५ मा कम लागतमा तयार गरिएको च्याटबोटमार्फत विश्वलाई चकित पारेको थियो र त्यसले अमेरिकी प्रतिस्पर्धीहरूसँग प्रतिस्पर्धी क्षमता देखाएको थियो ।

यस वर्ष अप्रिलमा कम्पनीले आफ्नो नयाँ एआई मोडेल सार्वजनिक गरेको थियो । वाल स्ट्रिट जर्नल र 'द इन्फर्मेसन' का अनुसार कम्पनीले पछिल्लो चरणमा ५० अर्ब युआन (करिब सात अर्ब ४० करोड डलर) भन्दा बढी पुँजी जुटाएको छ । सो फण्डिङ राउण्डले कम्पनीको मूल्यांकन ५० अर्ब डलरभन्दा माथि पुर्‍याएको बताइएको छ । डिपसिकले भने यस विषयमा टिप्पणी गर्न एएफपीको अनुरोधको जवाफ दिएको छैन ।

एआई उद्योगमा अत्याधुनिक मोडेलहरूको विकास र सञ्चालन अत्यन्त खर्चिलो मानिन्छ । यसका लागि विशाल कम्प्युटिङ पूर्वाधारमा अर्बौं डलर लगानी आवश्यक पर्छ । तथापि, विश्वका प्रमुख एआई कम्पनीहरू अझै नाफामा पुग्न नसकेका र भविष्यमा व्यावसायिक मोडेल स्पष्ट बनाउन संघर्षरत रहेको विश्लेषण गरिएको छ ।

यसैबीच वासिङ्टनले डिपसिकको नयाँ एआई मोडेललाई चीनकै सबैभन्दा उन्नत प्रविधिमध्ये एक भए पनि अमेरिकी कम्पनीहरूको तुलनामा करिब आठ महिना पछाडि रहेको मूल्यांकन गरेको बताइएको छ ।

अमेरिकामा एआई क्षेत्रमा सक्रिय स्टार्टअप एन्थ्रोपिकको मूल्यांकन हालैको फण्डिङ राउण्डपछि करिब ६५ अर्ब डलर पुगेको छ भने च्याटजीपीटी निर्माता ओपनएआईको मूल्यांकन मार्चमा करिब आठ खर्ब ५२ अर्ब डलर रहेको उल्लेख छ । यी दुवै कम्पनीले हालै सार्वजनिक सूचीकृत हुने तयारी थालेका छन् र यसले निजी एआई लगानी बजारको विस्तार सीमामा पुग्न लागेको संकेत गरेको विश्लेषकहरूले बताएका छन् ।

रिपोर्टअनुसार डिपसिकका संस्थापक लियाङ वेनफेङले व्यक्तिगत रूपमा करिब २० अर्ब युआन लगानी गरेका छन् । उनले सीमित साझेदारी संरचना प्रयोग गरी कम्पनीमाथिको नियन्त्रण कायम राख्ने अनौठो लगानी संरचना तयार पारेको पनि जनाइएको छ । *रासस/एएफपी*

# भियतनाममा बिरालो उद्धार अभियान

**हनोई–** भियतनामको हो ची मिन्ह सिटीमा प्रहरीले घरपालुवा बिरालाहरूलाई लक्षित गरी सञ्चालन भइरहेको ठूलो चोरी तथा अवैध व्यापार सञ्जाल भत्काउँदै सयौं बिरालाहरूको उद्धार गरेको छ । पशु कल्याण समूहहरूका अनुसार यसलाई पछिल्ला वर्षहरूमा देशकै सबैभन्दा ठूलो बिरालोसम्बन्धी उद्धार अभियानमध्ये एक मानिएको छ ।

प्रहरीले सञ्चालन गरेको मल्टिडे अपरेसनपछि ४०० भन्दा बढी जीवित बिरालाहरूको उद्धार गरिएको छ भने करिब ८० वटा मृत बिरालाहरू बरफले भरिएका कन्टेनरमा फेला परेका छन् । अन्य स्थानबाटसमेत २१ बिराला उद्धार गरिएपछि उद्धार गरिएका बिरालाहरूको कूल संख्या ५०० भन्दा बढी पुगेको बताइएको छ ।

अधिकारका अनुसार यो कारबाही घरपालुवा जनावर चोरीदेखि सुरु भएको अनुसन्धानपछि पशु चोरी र बिरालोको मासु व्यापारसँग सम्बन्धित संगठित अपराध सञ्जालसम्म पुगेको थियो । सो क्रममा नौ जनालाई नियन्त्रणमा लिइएको छ भने उनीहरूले दक्षिण भियतनामका विभिन्न सहरहरूमा विगत तीन वर्षदेखि बिरालो संकलन र व्यापार गर्दै आएको



स्वीकार गरेको जनाइएको छ ।

उद्धार गरिएका बिरालामध्ये ४० भन्दा बढीलाई उनीहरूका मालिकहरूसँग पुनर्मिलन गराइएको छ । तर कठोर अवस्थामा राखिएकाले करिब १०० बिरालाको मृत्यु भएको पशु कल्याण समूहहरूले जनाएका छन् । अन्तर्राष्ट्रिय पशु अधिकार संस्था 'ह्युमन वर्ल्ड फर एनिमल्स' का प्रतिनिधि करणवीर कुक्रेजाले यो घटनालाई भियतनामको बिरालो मासु व्यापारको 'ठूलो स्तरको कठोर वास्तविकता' का रूपमा टिप्पणी गरे । उनका अनुसार सडक र घरबाट जनावर चोरी गरी मानव उपभोगका लागि प्रयोग गरिने गतिविधि अझै गम्भीर चुनौतीका रूपमा रहेको छ ।

भियतनाम क्याट वेलफेयरसँग उद्धार कार्यमा संलग्न क्रिस गिण्डेलहुमेरले पछिल्ला दिनहरू भावनात्मकरूपमा कठिन रहेको बताउँदै धेरै परिवार आफ्ना हराएका बिरालाहरू खोज्दै आएको र केही भेटिए पनि धेरै अझै बेपत्ता रहेको उल्लेख गरे ।

स्थानीय अधिकारीका अनुसार उद्धार गरिएका बिरालाहरू हो ची मिन्ह सिटीका साथै ताई निन्ह र एन जियाङ क्षेत्रमा संकलन गरिएको थियो । प्रहरी अनुसन्धानले उक्त सञ्जालले लामो समयदेखि घरपालुवा जनावर चोरी र अवैध आपूर्तिको कारोबार गर्दै आएको देखाएको छ ।

भियतनाममा कुकुर र बिरालोको मासु व्यापार कानुनीरूपमा पूर्णप्रतिबन्धित नभए पनि कडा अनुमति प्रणाली आवश्यक हुन्छ । तर हालैका वर्षहरूमा पशु अधिकारका विषयमा जनचेतना बढ्दै गएको छ । केही सहरहरूले भने अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य गर्दै यस्तो व्यापार घटाउने प्रयास थालेका छन् ।

यसैबीच दक्षिण कोरियाले सन् २०२४ मा कुकुरको मासुमा प्रतिबन्ध लगाएपछि क्षेत्रीयरूपमा पशु कल्याण कानुनबारे बहस अझ तीव्र बनेको छ । भियतनामी अधिकारीहरूले पनि घरपालुवा जनावर र तिनका मालिकको अधिकार संरक्षणका लागि कानुनी संरचना सुधार गर्ने योजना अघि सारेका छन् ।

स्थानीय बासिन्दा एन फामका अनुसार यो घटनाले धेरैलाई स्तब्ध बनाएको छ र बिरालोको मासु उपभोगप्रति जनचेतना बढाउन सहयोग पुगेको छ । उनका अनुसार धेरै परिवारले आफ्ना हराएका बिरालाहरूको खोजी अझै जारी राखेका छन् । *रासस/एपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९७३०० | प्रति तोला – ० | प्रति तोला – ४९८० |



**मकैबारी अनुगमन** | भोजपुरको पौवादुङमा गाउँपालिका–४ बास्तिममा फौजी कीराले क्षति पुऱ्याएको मकैबाली स्थलगत अनुगमन गर्दै कृषि प्राविधिक । मुख्य खाद्यान्न बालीका रूपमा रहेको मकैमा क्षति पुगेपछि किसान चिन्तित बनेका छन । *तस्बिरः युवराज विष्ट/रासस*

## ‘लगानीकर्ताको मनोबल बढाउने वातावरण आवश्यक’

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले मुलुकको आर्थिक विकास र समृद्धिका लागि लगानीकर्ताको मनोबल अभिवृद्धि गर्ने वातावरण निर्माण आवश्यक रहेको बताएका छन् ।

नेपाल चेम्बर अफ कमर्सद्वारा बुधबार आयोजित ‘आर्थिक तथा व्यावसायिक गतिविधि विस्तार, लगानीमैत्री वातावरण निर्माण तथा समसामयिक आर्थिक विषय’ सम्बन्धी छलफल तथा संवाद कार्यक्रममा अध्यक्ष अग्रवालले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटले आर्थिक सुधारको संकेत गरे पनि त्यसको प्रभावकारी कार्यान्वयनका लागि सरकार र निजी क्षेत्रबीचको सहकार्य अपरिहार्य रहेको बताए ।

अध्यक्ष अग्रवालले सम्पत्ति शुद्धीकरणसम्बन्धी विद्यमान व्यवस्थाले व्यवसायीमा अनावश्यक त्रास सिर्जना गरेको उल्लेख गर्दै मर्यादित व्यावसायिक तथा औद्योगिक वातावरणको अभावमा निजी क्षेत्रको जोखिम बहन गर्ने क्षमता कमजोर हुने धारणा व्यक्त गरे । विसं २०६४ मा सम्पत्ति शुद्धीकरण ऐन लागू हुनुअघि उद्योग, व्यापार, कृषि तथा पुर्ख्यौली हस्तान्तरणबाट वैधानिक रूपमा आर्जित सम्पत्तिको अभिलेखीकरण राज्य संयन्त्रबाट व्यवस्थित रूपमा हुन नसकेको उनको भनाइ थियो ।

हालैका आन्दोलनका क्रममा निजी सम्पत्ति तथा उद्योग-व्यवसायमा पुगेको क्षतिले लगानीकर्ताको आत्मविश्वास कमजोर बनाएको उल्लेख गर्दै अध्यक्ष अग्रवालले लगानी सुरक्षाका लागि बिमामा आधारित संरक्षण प्रणाली आवश्यक रहेको बताए । कुनै पनि नयाँ नीति लागू गर्नुअघि त्यसको



> **सम्पति शुद्धीकरणसम्बन्धी विद्यमान व्यवस्थाले व्यवसायीमा अनावश्यक त्रास सिर्जना गरेको उल्लेख गर्दै मर्यादित व्यावसायिक तथा औद्योगिक वातावरणको अभावमा निजी क्षेत्रको जोखिम बहन गर्ने क्षमता कमजोर हुन्छ ।**
>
> ■ **कमलेशकुमार अग्रवाल**
> अध्यक्ष
> नेपाल चेम्बर अफ कमर्श

आर्थिक तथा सामाजिक प्रभावको मूल्यांकन गर्नुपर्नेमा उनले जोड दिए ।

सार्वजनिक सवारीसाधन दर्ता रोक्का गर्ने निर्णयले अटोमोबाइल क्षेत्रमा नकारात्मक असर पारेको उल्लेख गर्दै अध्यक्ष अग्रवालले नीतिगत परिवर्तन गर्दा निजी क्षेत्रसँग पर्याप्त परामर्श, पूर्वसूचना तथा सङ्क्रमणकालीन व्यवस्था सुनिश्चित गर्नुपर्ने बताए । उनले लगानीमैत्री कानुन निर्माण, कर प्रणाली सुधार, पुँजीगत खर्च वृद्धि, नियामक निकायबीचको दोहोरो हस्तक्षेप अन्त्य तथा पुँजी निर्माणलाई प्रोत्साहन गर्ने वातावरण निर्माणमा सरकारको ध्यान जानुपर्ने आवश्यकता औंल्याए ।

अध्यक्ष अग्रवालले सेयर बजारलाई थप पारदर्शी र व्यवस्थित बनाउन ‘सिंगल आइएसआइएन’ प्रणाली लागू गर्नुपर्ने सुझाव दिँदै सेयर बिक्रीसम्बन्धी अवरोध हटाएर बजारको आपूर्ति प्रणालीलाई सहज बनाउनुपर्ने बताए । ऊर्जा स्रोतको विविधीकरण तथा विद्युतीय सवारीसाधन तथा उपकरणको प्रयोग विस्तार गर्नुपर्ने उल्लेख गर्दै उनले भारत र युरोपेली संघबीचको स्वतन्त्र व्यापार सम्झौताले नेपाली निर्यातमा चुनौती थप्नसक्ने बताए ।

तयारी पोशाक, गलैंचा तथा हस्तकला क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि विशेष रणनीति आवश्यक रहेको अध्यक्ष अग्रवालको भनाइ थियो । वित्तीय तथा मौद्रिक नीतिबीच प्रभावकारी समन्वय कायम गर्दै निजी क्षेत्रलाई सहज कर्जा उपलब्ध गराउनुपर्ने, राजस्वसम्बन्धी विषयमा नियमित संवादका लागि स्थायी संयन्त्र निर्माण गर्नुपर्ने तथा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन शीघ्र कार्यान्वयन गर्नुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका निवर्तमान अध्यक्ष राजेन्द्र मल्ल र पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठले आर्थिक गतिविधि विस्तार तथा निजी क्षेत्रको मनोबल अभिवृद्धिका लागि लगानीमैत्री वातावरण निर्माण गर्न सरकारसँग माग गरे । उनीहरूले लगानीकर्ता र उद्यमीलाई प्रोत्साहन गर्ने नीति, कानुनी स्पष्टता, सहज व्यावसायिक वातावरण तथा निजी क्षेत्रसँग नियमित संवादको व्यवस्था गर्न आवश्यक रहेको धारणा राखे ।

कार्यक्रममा सहभागी व्यवसायी तथा उद्योगीहरूले नीतिगत स्थिरता, सहज कर्जा, कर प्रणाली सुधार, पुँजी निर्माणलाई प्रोत्साहन तथा निजी क्षेत्रमैत्री वातावरण निर्माणमार्फत अर्थतन्त्रलाई चलायमान बनाउनुपर्नेमा जोड दिएका थिए ।

## निजी क्षेत्रलाई गरिखाने वातावरण सिर्जना गर्छौं: अर्थमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सरकार निजी क्षेत्रलाई गरिखाने वातावरण सिर्जना गर्न तथा लगानीमैत्री वातावरण निर्माण गर्न प्रतिबद्ध रहेको बताएका छन् ।

नेपाल चेम्बर अफ कमर्सद्वारा बुधबार आयोजित आर्थिक तथा व्यावसायिक गतिविधि विस्तार, लगानीमैत्री वातावरण निर्माण तथा समसामयिक आर्थिक विषयसम्बन्धी छलफल र संवाद कार्यक्रममा अर्थमन्त्री डा. वाग्लेले उत्पादन र लगानीमार्फत प्राप्त हुने समृद्धिको मार्गमा सरकार अघि बढिरहेको बताए ।

अर्थमन्त्री डा. वाग्लेले सम्पत्ति शुद्धीकरण तथा सम्पत्ति छानबिनका नाममा व्यवसायीलाई अनावश्यक दुःख दिने सरकारको उद्देश्य नरहेको स्पष्ट पार्दै गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्ने तथा राज्यलाई हानि पुऱ्याउने व्यक्तिमाथि मात्र कारबाही गरिने बताए ।

‘इमानदार व्यवसायी डराउनुपर्ने अवस्था छैन, गलत कार्य गर्नेहरू मात्रै कारबाहीको



दायरामा आउनेछन्’, उनले भने । अर्थमन्त्री डा. वाग्लेले निजी क्षेत्रलाई सहयोग पुग्नेगरी आगामी मौद्रिक नीति ल्याइने जानकारी दिँदै अर्थतन्त्रलाई चलायमान बनाउन सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताए ।

सेयर बजारमा केही विचलन देखिए पनि त्यसलाई व्यवस्थित र विश्वासिलो बनाउने दिशामा सरकार काम गरिरहेको उल्लेख गर्दै उनले आर्थिक गतिविधिलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने बताए । घरबहाल कर प्रभावकारी रूपमा कार्यान्वयन गरिने उल्लेख गर्दै अर्थमन्त्री डा. वाग्लेले विगतमा कर नतिर्ने प्रवृत्तिलाई हटाइने बताए ।

अर्थमन्त्री वाग्लेले सातामा दुई दिन सार्वजनिक बिदाको व्यवस्थाले पर्यटन क्षेत्रलाई चलायमान बनाउन सहयोग पुगेको तथा बजार गतिविधिमा सकारात्मक प्रभाव परेको दाबी गरे । उनले राज्यको दीर्घकालीन हितलाई केन्द्रमा राखेर आर्थिक नीति तर्जुमा गरिएको उल्लेख गर्दै नेपालका अन्तरराष्ट्रिय विमानस्थलको उपयोग वृद्धि गर्न कूटनीतिक तहबाट पहल भइरहेको जानकारी दिए । घरजग्गा कारोबारलाई पनि क्रमशः चलायमान बनाउने गरी सरकारले आवश्यक नीतिगत व्यवस्था अघि बढाइरहेको उनको भनाइ थियो ।

कार्यक्रममा सहभागी व्यवसायीले लगानीमैत्री वातावरण, नीतिगत स्थिरता, कर सुधार तथा निजी क्षेत्रको मनोबल बढाउने कार्यक्रम कार्यान्वयनमा जोड दिएका थिए ।

## नेप्से परिसूचकमा सामान्य सुधार

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार झिनो अंकले उकालो लागेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक शून्य दशमलव शून्य आठ अंकले उकालो लागेर दुई हजार सात सय पाँच दशमलव ५३ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव २० अंकले घटेर चार सय ६४ दशमलव ४३ मा सिमित भएको छ ।




कुल ३५२ कम्पनीको ८३ लाख ७५ हजार ४७१ कित्ता सेयर रु तीन अर्ब ६३ करोड ७५ लाख ८९ हजार १० मूल्यमा कारोबार भएको छ । कारोबारका आधारमा एनआरएन इन्फास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड शीर्ष स्थानमा छ । यस्तै, रिलायन्स स्पिनिङ मिल्स, बुंगल हाइड्रो, सेन्ट्रल फाइनान्स, आँखु खोला जलविद्युत् कम्पनी शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार सोपान फर्मासिटिकल्स, अपोलो हाइड्रोपावर, बुंगल हाइड्रो, त्रिशूली जलविद्युत् कम्पनी, एबिएल डिवेञ्चरका लगानीकर्ताले कमाएका छन् । एनएमबी डिवेञ्चर, प्राइम डिवेञ्चर, एबिएस डिवेञ्चर, डोल्टी पावर कम्पनी र लक्ष्मी उन्नति कोषका लगानीकर्ताले भने गुमाएका छन् ।

## च्याउखेतीबाट मनग्य आम्दानी लिन सफल मंगल

**अत्तरिया–** कैलालीको धनगढी उपमहानगरपालिका-११, जोकैयाका मंगल चौधरीले व्यावसायिक च्याउखेती गर्दै आएका छन् ।

चौधरीले छ वर्षदेखि सुभाष बहुउदेश्यीय कृषि फार्म दर्ता गरेर च्याउखेती गर्दै आएका हुन् । एउटा टनेलबाट च्याउखेती सुरु गरेका चौधरीले हाल पाँच क√ा जग्गामा १५ वटा टनेलबाट च्याउ उत्पादन गर्दै आएको बताए ।

बाह्रै महिना च्याउ उत्पादन गर्ने गरेको बताउँदै चौधरीले आम्दानी पनि राम्रो हुने गरेको बताए । उनले भने, ‘वार्षिक रु २० लाखबराबरको च्याउ बिक्री हुन्छ । सबै खर्च कटाएर वार्षिक रु १० लाख आम्दानी हुन्छ । यस वर्ष रु ३० लाखसम्मको च्याउ बिक्री गर्ने लक्ष्य छ ।’

पहिले ज्ञान र सीपको कमीले छ महिनामात्रै च्याउ उत्पादन गर्ने गरेकामा हाल उनले बाह्रै महिना च्याउ उत्पादन



गर्दै आएका छन् । चौधरीले उत्पादन गरेको कन्य च्याउ हाल बजारमा प्रतिकिलो रु २५० का दरले बिक्री हुँदै आएको छ ।

उनले भने, ‘कन्य च्याउको उत्पादन बढी हुन्छ । यसको खपत पनि राम्रो छ । लागत पनि कम छ । त्यसैले कन्य च्याउ नै उत्पादन गर्ने गरेको छु ।’ चौधरीले च्याउ फार्ममा दैनिक ज्यालादारीमा चार जनालाई रोजगारीसमेत दिएको र दैनिक प्रतिव्यक्ति रु ६०० देखि आठ ८०० सम्म ज्याला दिने गरेको बताउँछन् ।

लगानी कम र आम्दानी बढी भए पनि बजारको मागअनुसार च्याउ आपूर्ति गर्न कठिनाइ भइरहेको चौधरीजस्तै व्यावसायिक च्याउखेती गर्दै आएका किसान बताउँछन् । पछिल्लो समय बजारमा माग अध्यधिक रहेकाले च्याउखेतीको आम्दानीले सहजै जीविकोपार्जन हुने उनीहरूको भनाइ छ ।

च्याउखेतीबाट भएको आम्दानीले सबै घर खर्च र छोराछोरीको पढाइलेखाइ खर्च सजिलै जुटेको उनीहरू बताउँछन् । मिहिनेत गरे आफ्नै देशमा रोजगारी दिन र राम्रै आम्दानी गर्न सकिन्छ भन्ने उदाहरणी पात्रका रूपमा व्यावसायिक च्याउखेती गर्दै आएका चौधरी रहेका छन् । *रासस*

## नागरिक लगानी कोष र एभरेस्ट बैंकबीच सम्झौता

**काठमाडौं (प्रस)–** नागरिक लगानी कोष र एभरेस्ट बैंक लिमिटेडबीच बैंकका कर्मचारीको अवकाश कोष व्यवस्थापन तथा सञ्चालन गर्ने सम्बन्धमा द्विपक्षीय सम्झौता भएको छ ।

सम्झौतामा कोषकोतर्फबाट निर्देशक नवराज खड्का र बैंककोतर्फबाट प्रमुख वित्तीय अधिकृत राजन कायस्थले हस्ताक्षर गरे । सम्झौतामा बैंकका स्थायी, अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीको योगदानमा आधारित वा गैरयोगदानमा आधारित उपदान कोष तथा अतिरिक्त अवकाश कोषको व्यवस्थापन र कार्यान्वयन कोषले गर्ने उल्लेख छ ।

कोषले सहभागी कर्मचारीको व्यक्तिगत खाता तयार गरी परिचयपत्र उपलब्ध गराउने, बैंकबाट प्राप्त रकम र विवरणअनुसार खाता अद्यावधिक गर्ने तथा बैंकको सिफारिसमा सेवानिवृत्त कर्मचारीलाई नियमानुसार कर कट्टा गरी अवकाश रकम भुक्तानी गर्ने कार्य गर्नेछ ।



साथै, कर्मचारीले कोषमा योगदान गरेको रकमबाट आर्जन गरेको ब्याज, प्रतिफल तथा अन्य अतिरिक्त सुविधा कोषको नियममा उल्लेख भएअनुसार पाउनेछन् । सम्झौताअनुसार आयकर ऐन, २०५८ बमोजिम स्वीकृत अवकाश कोषमा रहेका कर्मचारीको साविकको रकम र बहाल रहेका कर्जासमेतलाई कोषमा रकमान्तर गरी समायोजन गरिने सम्झौतामा उल्लेख छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित  मुद्रणः एक्प्रेस कलर प्रेस,  कार्यालयः काठमाडौं–७, सिफल, नेपाल  फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८,  इमेलः prabhabdailynews@gmail.com,  विज्ञापनका लागिः marketing2prabhab@gmail.com,  प्रबन्ध निर्देशकः कृष्ण कार्की,  सम्पादकः विष्णु तामाङ